का.जि.प्र.का.द.नं. १००/०५९/६०
३१ वैशाख २०८०,
आइतबार
14 May 2023,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक १०८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




## यति, ओम्नी बिर्सिएर लडाकु शिविरमा आँखा !

**खासगरी आफ्नो पार्टीका नेताहरु जोडिएको भनी आरोप लाग्ने गरेका भ्रष्टाचार र अनियमितताका घटनाहरुका सन्दर्भमा नेकपा एमालेको केन्द्रीय कमिटी मौन बसेको छ ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० वैशाख ।

नेकपा एमालेले लडाकु शिविर घोटाला काण्डको छानबिनको माग गरेको छ । तर, भ्रष्टाचारका अन्य काण्डहरुबारे मौन रहेको छ ।

खासगरी एमाले नेताहरुसँग जोडिएको भनिने कोरोना भाइरस कोभिड-१९ को महामारीका बेला औषधि खरिदमा भएको घाटला (ओम्नी काण्ड), यति काण्ड, वाइडबडी काण्ड, बालुवाटारको सरकारी जग्गा मिचिएको जस्ता विषयमा एमालेले केही उल्लेख गरेको छैन् ।

२८ वैशाखमा सुरु भएर शनिबार समापन भएको केन्द्रीय कमिटी बैठकले जारी गरेको १६ बुँदे समसामयिक प्रस्तावको पाँचौं बुँदामा लडाकु शिविर घोटालाको विषय उल्लेख गरेको छ । जहाँ लेखिएको छ, 'यो बैठक लडाकु शिविर घोटाला काण्ड लगायत चर्चामा आएका सबै काण्डहरुको निष्पक्षतापूर्वक छानबिन अघि बढाउन सम्बद्ध निकायसमक्ष आह्वान गर्दछ ।'

लडाकु शिविर बाहेकका अनियमितताबारे केही नबोले पनि एमालेले नेपाली समाजमा भ्रष्टाचार र अनियमितता सङ्क्रामक रोगका रुपमा >>> पृष्ठ २ मा

## संघीयता र धर्मनिरपेक्षताप्रति प्रतिबद्ध ओली

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३० वैशाख ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई विगत लामो समयदेखि लाग्दै आएको आरोप हो - संघीयता विरोधी र धर्मसापेक्षताको पक्षधर । केन्द्रिय कमिटी बैठकमा प्रदेश खारेजी र संविधानमा रहेको धर्मनिरपेक्षता बदलेर धार्मिक स्वतन्त्रता लेख्ने प्रस्ताव प्रस्तुत भएपछि ओलीप्रति थप आशंका बढेको थियो ।

बागमती प्रदेशको समूहगत छलफलमा महेश बस्नेत, गोकुल बास्कोटा र देवी ज्ञवालीले प्रदेश संरचना खारेजीको प्रस्ताव ल्याएका थिए । शासकीय संरचना पनि बदल्नुपर्ने प्रस्ताव ल्याएका बस्नेतले प्रदेश संरचना खारेज गर्नुपर्ने सुझाव पेश गरेका थिए । यी नेताहरुको सुझाव समेटेर बागमतीको टोलीले केन्द्रीय कमिटीमा प्रदेश संरचना खारेजीको प्रस्ताव ल्याएका थिए । बागमतीकै जस्तो प्रस्ताव >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### साउदी समस्या समाधानका लागि महावाणिज्यदूतसमक्ष संघको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० वैशाख



साउदी अरेबियाको जेद्दास्थित महावाणिज्य दूतावासका महावाणिज्यदूत शत्रुघ्नप्रसाद पोखरेलले मागपत्र प्रमाणीकरण र कामदारका समस्याको समाधान उच्च प्राथमिकताका आधारमा गरिरहेको बताएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले बिदामा स्वदेश आएका महावाणिज्यदूत पोखरेलसँग संघ कार्यालयमा राखेको अन्तरक्रियामा उनले उक्त जानकारी दिएका हुन् ।

राजधानी रियादको तुलनामा महावाणिज्य दूतावास जेद्धामा भइरहेको मागपत्र प्रमाणीकरण ढिलाइसम्बन्धी व्यवसायीहरूको जिज्ञासामा महावाणिज्यदूत पोखरेलले छिटो काम गर्ने प्रयास भएपनि सेवाग्राहीको संख्याको तुलनामा कर्मचारीको संख्या न्यून भएका कारण व्यवसायीहरूले चाहेजस्तो तत्काल सेवा प्रवाहमा तालमेल मिलाउन नसकेको बताए । उनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग सहकार्य >>> पृष्ठ २ मा

### ९ महिनामा ६ लाखले लिए श्रम स्वीकृति

**काठमाडौं/रासस-** चालु आर्थिक वर्षको नौ महिनामा ६ लाख नेपालीले श्रम स्वीकृति लिएका छन् । गत साउनयता पाँच लाख ४८ हजार ६ सय ६४ पुरुष र ५३ हजार चार सय ८९ महिला गरी कुल ६ लाख २ हजार १ सय ५३ जनाले श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागले जनाएको छ । यो नयाँ श्रम स्वीकृति र पुनः श्रम स्वीकृति लिनेको संख्या हो ।

प्रत्येक दिन दुई हजार बढीले श्रम स्वीकृति लिने गरेका छन् । गत साउन महिनामा ६३ हजार ३९, भदौमा ७६ हजार चार सय तीन, असोजमा ६२ हजार सात सय छ, कात्तिकमा ७८ हजार तीन सय ७०, मंसिरमा ६८ हजार पाँच सय ६४, पुसमा ६५ हजार चार सय ६४, माघमा >>> पृष्ठ २ मा

# देशभर खबरदारी प्रदर्शन

**नागरिक अगुवासहितको टोलीले काठमाडौंमा गरेको प्रदर्शनमा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, रास्वपाका सभापति रवि लामिछाने, चिकित्सा शिक्षा सुधार अभियन्ता डा. गोविन्द केसीलगायत पनि सहभागी थिए ।**











सडक, सदन र सरकारबाट नै नागरिकले खबरदारी गर्नुपर्छ । हामीले खबरदारी गरिरहे भ्रष्टहरु छुट्दैनन् । हामीले यो गर्नसके राजनीतिक शुद्धीकरण र सुशासनको दिशामा जान सकिन्छ ।

● **बाबुराम भट्टराई**
**पूर्वप्रधानमन्त्री**



केही दलले नाम आएका आफ्ना पदाधिकारीलाई र नेतालाई निष्कासन गऱ्यो भन्ने सुन्यौं नि । हिजोको परिवेश यस्तो थियो त ? राष्ट्रिय स्वतन्त्र पार्टीको उदयले नेपाली राजनीतिमा घण्टी त बज्यो नि ।

● **रवि लामिछाने**
**सभापति, रास्वपा**



वाइडबडी, यति, ओम्नी, एनसेल, ३३ केजी सुन, सेक्युरिटी प्रिन्टिङ प्रेस, ७० करोड, सीसीटीभी फुटेज, लडाकु शिविर, फोरजी, बालुवाटार जग्गा प्रकरणलगायतको पनि छानबिन गरियोस् ।

● **समीक्षा बास्कोटा**
**अध्यक्ष, विवेकशील साझा**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३० वैशाख ।

नागरिक अगुवाहरुले देशभर भ्रष्टाचारविरुद्ध प्रदर्शन गरेका छन् । काठमाडौंको माइतीघर मण्डला र नक्सालमा नागरिक अगुवाहरूले भ्रष्टाचारीहरुलाई तत्काल कानूनी दायरामा ल्याइ कारबाही गर्न माग गर्दै विरोध प्रदर्शन गरेका हुन् ।

नागरिक अगुवासहितको टोलीले माइतीघरमा बिहान ११ बजे प्रदर्शन गरेको थियो भने त्यसपछि नक्सालमा प्रर्दशन गरिएको थियो । नागरिक अगुवासहितको टोलीले शनिवार काठमाडौंमा गरेको प्रदर्शनमा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, रास्वपाका सभापति रवि लामिछाने, चिकित्सा शिक्षा सुधार अभियन्ता डा. गोविन्द केसी लगायत पनि सहभागी थिए । 'भ्रष्टाचारविरुद्ध एक हौं' भन्ने अभियानले काठमाडौंको अलावा भैरहवा, पोखरा, सिन्धुली, रुपन्देही, विराटनगरलगायतका स्थानमा प्रदर्शन गरेको छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा राजनीति र प्रशासन क्षेत्रका उच्च तहका व्यक्ति पक्राउ परेपछि भ्रष्टाचारविरुद्ध आवाज चर्किन थालेका छन् ।

नक्कली भुटानी शरणार्थी प्रकरणसँगै भ्रष्टाचार काण्डको निष्पक्ष अनुसन्धान र छानबिनका लागि दबाब दिन नागरिक स्तरबाट दबाबमूलक अभियान सुरु भएको हो ।

पूर्वगृहमन्त्री बालकृष्ण खाँणको निर्वाचन क्षेत्रमा समेत भ्रष्टाचारविरुद्ध प्रदर्शन गरेका छन् । रुपन्देहीको तिलोत्तमा नगरपालिकास्थित मणिग्राम चोकमा प्रदर्शन गरिएको हो । खाणको निर्वाचन क्षेत्र रुपन्देही-३ हो । भूटानी शरणार्थी प्रकरणलाई >>> पृष्ठ २ मा

# 'व्यवसायी पलायन भएर बाहिर जानुपर्ने अवस्था छ'

*विश्वव्यापी फैलिएको कोरोना भाईरसको प्रभावले संसारभरकै उत्पादनको क्षेत्र प्रभावित बन्यो । उत्पादन र सेवामूलक क्षेत्रमा कोरोनाको प्रभाव देखिदाँ लामो समय सानादेखि ठूला व्यवसाय ठप्प भए । जसबाट कामदार पनि प्रत्यक्ष मारमा परे भने व्यवसायीहरु अहिले पनि पूरानै लयमा फर्किन सकेका छैनन् । कोरोनाले थलिएका उद्योगी व्यवसायीलाई बैंक तथा वित्तीय संस्थाले चर्को व्याजको कारणले व्यवसायबाट पलायन हुनुपर्ने अवस्था सिर्जना भएको भन्दै लामो समय आन्दोलन पनि भयो । युवा उद्यमीलाई सहुलियत कर्जा कम्तीमा २५ लाख हुनुपर्ने, भन्सार दरबन्दी घटाउने, बैंक तथा वित्तीय क्षेत्रले गर्ने लगानीको कम्तीमा ५० प्रतिशत साना तथा मझौला व्यवसायीलाई दिनुपर्ने लगायतका विभिन्न माग पनि व्यवसायीले राख्दै आएका छन् । सोही विषयलाई समेत मध्यनजर गरेर साना तथा मझौला व्यवसायीको हालको अवस्था, असहजता र व्यवसाय सुधारको विषयमा केन्द्रित रहेर नेपाल राष्ट्रिय व्यवसायी महासंघका अध्यक्ष **नरेश कटुवाल**सँग मध्यान्ह दैनिकका लागि **कान्ति न्यौपाने**ले गरेको कुराकानीको सम्पादित अंश :*



**पछिल्लो समय आर्थिक मन्दीको प्रभावमा सबैजसो व्यवसाय परिरहँदा यहाँहरुको अवस्था कस्तो छ नि ?**

हेर्नुस्, हामीपनि अहिले अप्ठेरो स्थितीमै छौं । देश नै आर्थिक मन्दीको चपेटामा छ भने हामी व्यवसायी नहुने कुरै छैन । एकातिर बैंकको ब्याजदर बढ्दा हामी मारमा पऱ्यौं भने अर्कातिर अहिलेसम्म पनि व्यवसाय पहिलेको लयमा फर्किनै सकेको छैन । हामीले अहिले सुनिपनि रहेका छौं, उपत्यकाका मुख्य स्थानमै अहिले धेरै सटरहरु खाली भएका छन् । अर्थतन्त्रमा महत्पूर्ण योगदान गरेका धेरै व्यवसायी पेशाबाट पलायन भएर बाहिर जानुपर्ने अवस्था छ । अहिलेकै अवस्था कायमै रहे हजारौं व्यवसायीले आत्महत्या गरेको हेर्न सरोकारवाला निकाय तयार रहनुपर्छ । धेरै समस्याका बीचमा रहेका साना तथा मझौला व्यवसायीलाई काम गर्ने सहज वातावरण आवश्यक छ । अर्थतन्त्रको मुख्य मेरुदण्डको रूपमा रहेका व्यवसायीहरु आफ्नो पेसाबाट पलायन हुने अवस्था आउनुमा बैंक तथा वित्तीय क्षेत्रको अव्यवहारिक गलत नीति, नीजि स्वार्थ, सरकारले दीर्घकालीन उत्पादनमुखी अर्थतन्त्रमा प्राथमिकता नदिनुमा राजनीतिक र गैरजिम्मेवार शैली मुख्य देखिन्छ ।

**जस्तो, तपाईंले सरकारले व्यवसायीको हकहित नगरेको भनिरहँदा व्यापारीले पनि उपभोक्तालाई ठगेको, कालोबजारी गरेको विषय आउँछन् नि ? के भन्नुहुन्छ ?**

यहाँहरु सबैलाई थाहा भएको विषय नै हो कुनैपनि व्यवसायीले २ पैसा फाईदा नहुने भए व्यापार गर्दैन । उसको पनि घरपरिवार र जहान पाल्नैपर्छ, महंगीमा बाँच्नैपर्छ । तर, केही अमूक व्यक्तिहरुले गरे होलान्, गर्दै गरेका छैनन् त नभनौं, त्यसलाई लिएर सबै व्यापारीलाई एउटै डालोमा राख्न मिल्दैन । कसैकसैले त्यस्तो गरेको हुन सक्छ तर सबैलाई कालो बजारी भन्न मिल्दैन । मूल्य वृद्धि भएकाले पनि त्यस्तो गरेको हुनसक्छ भनेर कारण बुझ्नु पर्छ ।

अर्को कुरा, भन्सारमा एकखालको मूल्य हुन्छ र यहाँ अर्को । यसरी मूल्य नमिल्नुमा राज्य दोषी छ । यहाँ चलखेलको सिन्डिकेट छ, यसलाई नतोडी यो असम्भव छ । तसर्थ यो विषयमा सुधारका लागि भन्सारमा पारदर्शिता हुन जरुरी छ । व्यवसायी त्यहाँसम्म जानसक्ने वातावरण बन्नुपर्छ । यसो हुँदा व्यवसायीले सहज रुपमा ल्याएको सामानमा मूल्य लुकाउन आवश्यक हुन्न । यस्तो वातावरण बनेपछि निश्चित ठाउँमा कर बुझाउने व्यवस्था भएपछि समस्या देखाउपर्दैन । तसर्थ व्यवसायीहरु ठग हुन्छन् भन्ने खालको आक्षेप ध्रुवसत्य होइन । जहाँ सिन्डिकेट तोडिनु पर्ने हो, त्यो तोडिनु पर्छ । सरकारले व्यापारमा सहजीकरण को वातावरण सिर्जना गर्नुपर्छ । तसर्थ हामी व्यापारीहरुले तिरेको करबाट राज्यमा सुव्यवस्थाको निमार्ण हुनुपऱ्यो । तबमात्रै सबैतिर सुशासन कायम हुनसक्दछ ।

**उसोभए व्यवसायीका समस्या समाधान गर्न सरकारी निकायले के पहल गर्नुपर्ला ? के छन् सुधारका उपाय ?**

अहिले नेपालमा मात्रै होईन, विश्वमै आर्थिक मन्दीको संकट देखापरिरहेको छ । सोही विषयलाई ध्यानमा राखेर पनि हामी व्यवसायीले अर्थमन्त्री र सरोकारवाला निकायका पदाधिकारी भेटेर पटकपटक ध्यानकर्षण पनि गराएका छौं । पहिलो त हामीले बैंक ब्याजदरकै कुरा गरेका थियौं । ब्याजदर लभगभ घट्ने अवस्थामा पुग्यो । त्यसमा हामी आशावादी छौं । अर्को भनेको युवा जनशक्ति विदेश पलायन हुँदै गइरहेको अवस्थामा स्वदेशमा नै स्वरोजगार बनाउनका लागि प्रत्येक स्थानीय तहमा सीपमुलक तालिमको व्यवस्था गर्नुपर्यो । तबमात्रै हामी नेपालमै दक्ष जनशक्ति उत्पादन गरेर विकासका काम गर्न सक्छौं र व्यवसाय पनि फस्टाउन सक्छ । व्यवसायी तथा किसानले उत्पादित सामाग्रीलाई बजारसम्म लैजाने क्रममा ठाउँठाउँमा कर तिरेर अनावश्यक दु:ख पाइरहेका छन् । तसर्थ, व्यवसायी तथा किसानले यसरी तिर्दै आएको दोहोरो कर प्रणालीको अन्त्य हुनुपर्यो । देशको अर्थतन्त्रलाई अगाडि बढाउनका लागि रुग्ण रहेको स्वदेशी उद्योगलाई स्वदेशी लगानी र जनशक्तिको प्रयोग गरी यथाशीघ्र सञ्चालन गर्ने हो भने व्यवसायी र सरकारलाई पनि फाईदा पुग्दछ । अर्को भनेको निजी क्षेत्रको मुद्दाका विषयमा नीति निर्माण तहमा रहेका सीमित संस्थाहरूको सिन्डिकेटको अन्त्य गरी सबै क्षेत्रका उद्योगी व्यवसायी समावेश गरी एक उच्चस्तरीय समिति गठन गर्नुपर्यो । बैंक तथा वित्तीय संस्थाले घरजग्गा लिलाम गर्दा ३५ दिने सूचना दिएर लिलाम गर्दै आएकोमा लिलाम अवधि कम्तीमा ६ महिना बनाउने र बैंक तथा वित्तीय क्षेत्रले गर्ने लगानीको कम्तीमा ५० प्रतिशत साना तथा मझौला व्यवसायीमा गर्नुपर्ने आवश्यकता देखिन्छ । हुनत, व्यवसायका क्षेत्रमा गनुपर्ने अन्य थुप्रै विषय छन् । तर, समग्रमा भने यिनै सुधार गनुपर्ने मूल मुद्धा हुन् ।

मध्यान्ह
www.madhyanhadaily.com
३१ वैशाख २०८०, आइतबार
14 May 2023, Sunday

# आपराधिक गतिविधि रोक्न सीसी क्यामेरा जडान

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३० वैशाख

सुर्खेतको बराहताल गाउँपालिकामा सीसी क्यामेरा जडान गरिएको छ । बराहताल गाउँपालिकाको आर्थिक सहयोग र अस्थायी प्रहरी पोष्ट बड्डीचौरको सक्रियतामा बराहताल गाउँपालिका वडा नम्बर ५ बड्डीचौरका विभिन्न स्थानमा सीसी क्यामेरा जडान गरिएको हो । गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को करिब ८ लाख बजेटबाट बड्डीचौरको बजार क्षेत्रको ८ वटा स्थानमा सीसी क्यामेरा जडान गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ललित कुमार थापाले जानकारी दिए ।



भीडभाड हुने, दुर्घटना बढी हुने र आपराधिक क्रियाकलाप बढी हुने क्षेत्रमा क्यामेरा जडान गरिएको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका कार्यालय प्रमुख एवं डीआइजी भीमप्रसाद ढकालले जानकारी दिए । उनले गाउँपालिकाले सह्रानीय काम गरेको बताउँदै यसले शान्ति सुरक्षा अमन चयन कायम हुने र आगामी दिनमा बजार क्षेत्रमा हुने विभिन्न किसिमका चोरी डकैती, तस्करी, सवारी दुर्घटनाहरु कम हुने विश्वास व्यक्त गरे । साथै उनले सीसी क्यामेरा सुरक्षा व्यवस्थापनको आधुनिक र प्रभावकारी उपकरण भएको समेत बताए ।

यस्तै, गाउँपालिका अध्यक्ष भीमबहादुर भण्डारीले सीसी क्यामेराले समाजमा शान्ति र सुरक्षामा केही सहयोग पुग्ने विश्वास लिएको बताए । उनले सीसी क्यामेरा मानिसको तेस्रो आँखा भएको बताए । अध्यक्ष भण्डारीले सीसी क्यामेरा जडान भएकाले अबदेखि कोही कसैबाट अवाञ्छित काम भएमा छुट नपाउने बताउँदै यस्ता कामलाई आगामी आर्थिक वर्षको बजेटको शिर्षकमा विनियोजन गरी अन्य स्थानहरूमा पनि सीसी क्यामेरा जडान गर्ने प्रतिवद्धता जनाए ।

# प्रेस युनियन संखुवासभाको अध्यक्षमा शाक्य सर्वसम्मत

**संखुवासभा/मस–** नेपाल प्रेस युनियन संखुवासभा अध्यक्षमा दीपेन्द्र शाक्य सर्वसम्मत चयन भएका छन् । संखुवासभा उद्योग वाणिज्य संघको सभाहल खाँदबारीमा आयोजित चौथो जिल्ला अधिवेशनबाट शाक्यको नेतृत्वमा १५ सदस्यीय समिति गठन भएको हो ।



पत्रकार महासंघ जिल्ला अध्यक्ष इन्द्र गिरीको संयोजकत्वमा गठित निर्वाचन समितिले सर्वसम्मत कार्यसमिति निर्वाचित भएको जानकारी दिएको छ । गिरीका अनुसार अध्यक्षमा शाक्य, उपाध्यक्षमा नवीन गुरुङ र दुर्गामणि पौडेल (समावेशी), सचिवमा ध्यानबहादुर राई, सहसचिवमा प्रजिना शाक्य, कोषाध्यक्षमा मोहन कुमार राई चयन भएका छन् । सदस्यमा सविता कार्की, कविता कोइराला, नविनकला जैरु, होमबहादुर राई, राजमान राई, खेवाहाङ्ग राई, अंकिता घिमिरे, सुरेन शाक्य र नेत्र विनोद काफ्ले सर्वसम्मत चुनिएका छन् ।

प्रतिनिधि सभा सदस्य तथा नेपाली कांग्रेस जिल्ला सभापति दीपक खड्काको प्रमुख आतिथ्यतामा अधिवेशन उद्घाटन भएको हो । कार्यक्रममा कांग्रेस जिल्ला सभापति खड्काले पत्रकारिता सम्भावनाभन्दा बढी चुनौती भएको क्षेत्रको रूपमा देखिएको बताए । सूचनाको भरमा मात्र पत्रकारिता नगर्न आग्रह गर्दै उनले खोज र अनुसन्धानमा लाग्न आग्रह गरे ।

नवनिर्वाचित अध्यक्ष शाक्यले पाँचौं अधिवेशन आफ्नै भवनमा गर्ने वातावरण बनाउने प्रतिबद्धता जनाए । जिल्लाका पत्रकारलाई विषयगत विज्ञताका लागि तालिम तथा अनुसन्धानको अवसर सिर्जना गरिने उनले बताए । अब हरेक पत्रकार समाचारमा मात्र नभएर आर्थिकरूपमा पनि आत्मनिर्भर हुनुपर्ने बताउँदै अध्यक्ष शाक्यले पत्रकारको आर्थिक उपार्जनका लागि लागिपर्ने धारणा राखे ।

# राष्ट्रिय तत्मा समाज नेपालको प्रथम जिल्ला अधिवेशन सम्पन्न

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० वैशाख,

राष्ट्रिय तत्मा समाज नेपालको प्रथम जिल्ला अधिवेशन बारामा सम्पन्न भएको छ ।

बाराको फेटा गाउँपालिका वडा नं. १ भलुही भल्वरियास्थित खैरामाई मन्दिर परिसरको प्राङ्गणमा भव्यताकासाथ अधिवेशन सम्पन्न भएको हो ।

नेकपा एमाले मधेश प्रदेश सचेतक लखन दास तत्माको प्रमुख आतिथ्यता तथा फेटा गाउँपालिका वडा नं. १ को वडाध्यक्ष विगन दास तत्माको अध्यक्षतामा भएको कार्यक्रममा

राष्ट्रिय तत्मा समाज नेपालका पूर्व अध्यक्ष राज कुमार दास तत्मा, रौतहट जिल्ला अध्यक्ष रामबाबु दास, वरिष्ठ उपाध्यक्ष झगरु दास तत्मा, महासचिव शंकर दास तत्मा, उपाध्यक्ष सिकेन्द्र दास तत्मा, राम ईश्वर दास, केन्द्रीय सदस्य राम विनोद दास, पूर्व केन्द्रीय सदस्य रामदरेश दास तत्मा



लगायत विभिन्न पदाधिकारीहरुले शुभकामना मन्तव्य राखेका थिए ।

मधेश प्रदेशमा पिछडिएको समुदायमा रहेको तत्मा जाति पछिल्लो समय आफ्नो माग सम्बोधन तथा राज्यबाट पाउनुपर्ने अधिकारको लागि संगठित हुन थालेका छन् ।

पूर्वअध्यक्ष एवं मधेश प्रदेश दलित आयोग समितिका सदस्य राजकुमार दासले पहिचान र राज्यको मूलधारमा प्रतिनिधित्व गराउने लगायत छुवाछुत, गरिबी, दाइजो, विपन्नता जस्ता कुरीतिलाई निर्मुल पार्न सवलीकरण र सशक्तीकरणसहित शिक्षा, स्वास्थ्य र रोजगारीको लागि सरकार समक्ष आफ्ना मुद्दा उठाउन र पूरा गराउन भूमिका खेल्ने बताए ।

त्यस्तै, कार्यक्रममा फेटा गाउँपालिकाका अध्यक्ष रुस्तम अन्सारी, राजनीतिक समिति जसपाका सदस्य रामकिशोर यादव, प्रसौनी गाउँपालिका अध्यक्ष विनोद पटेल, स्थानीय मदन साह लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

अधिवेशनमा बारा जिल्ला भरिका तत्मा बन्धुहरुको भव्य उपस्थिति रहेको राष्ट्रिय तत्मा समाज नेपालको केन्द्रीय उपाध्यक्ष सीकेन्द्र दास तत्माले बताए ।

# वादी समुदायका १ सय १० बालबालिकालाई खाद्यान्न सहयोग



**सुर्खेत/मस–** सुर्खेतका वादी समुदायका बालबालिकालाई खाद्यान्न सामग्री सहयोग गरिएको छ । वीरेन्द्रनगर-८, खजुरामा रहेको वादी सरोकार मञ्चमा आश्रित १ सय १० जना बालबालिकाका लागि शनिबार एमआरआर सुर्खेतको समन्वयमा चर्चित फेसबुक ग्रुप मेन्स रुम रिलोडेड (एमआरआर)को अष्ट्रेलियामा रहेका यूवाहरुले साढे ३ लाख रुपैयाँ बराबरको खाद्यान्न सामग्री सहयोग गरेका हुन् ।

वादी आवास गृहमा आश्रित बालबालिकाले विभिन्न अभाव भोगिरहेको थाहा पाएपछि एमआरआरका अष्ट्रेलियामा रहेका सदस्यहरुले अभियान नै चलाएर सहयोग रकम संकलन गरेको एमआरआर सुर्खेत संयोजक सागर लम्सालले जानकारी दिए ।

लम्सालका अनुसार आवसगृहमा ५० बोरा चामल, चार बोरा दाल, चार वटा ग्यास सिलिन्डर, ग्यास चुल्हो दुई थान, एक बोरा चिनी, चार कार्टुन तेल, सुजी र चिउरा दुई थान पानी शुद्धीकरण गर्ने फिल्टर, दुई थान माइक स्पिकर, पाँच लिटर हार्पिक, पाँच लिटर फिनेल, १ सय ४४ थान स्यानेटरी प्याड, बाध्यवादनका साधन र दुई थान प्राथमिक स्वास्थ्य सामग्री बक्स लगायतका सामग्री प्रदान गरिएको छ ।

## हुम्ला डायरी

ओबराज शाही/मध्यान्ह

# खार्पुनाथका गाईवस्तुमा देखियो लम्पी स्किन रोग

हुम्लाका किसानहरुले पालेका गाईवस्तुमा लम्पी स्किन रोग देखिन थालेको छ । लम्पी स्किनले सबैभन्दा बढी खार्पुनाथ गाउँपालिकामा प्रभावित बनाएको छ । गाउँपालिकाका पशु सेवा शाखा प्रमुख सविन मगरले जिल्लाका ६ वटा गाउँपालिकामध्ये खार्पुनाथका गाईवस्तुमा बढी यो रोगले प्रभावित बनाएको बताए ।



शाखा प्रमुख मगरले खार्पुनाथका ५ वटै वडाबाट अहिलेसम्म ८८ गाई, गोरु मरेको तथ्यांक प्राप्त भएको बताए ।

यो रोग लागेका गाई, गोरुमा नाकबाट रगत आउने, छालामा पोका आउने, ज्वरो आउने, घाँस नखाने जस्ता लक्षण देखिने गर्दछ । त्यस्तै हावाबाट सर्ने रोग भएकाले स्थानीय नागरिकको लापरवाही गर्दा बढी गाई, गोरु मरेको देखिन्छ । मरेको गाईवस्तु गाड्ने भनेपनि जताततै फालिदिनाले पनि बढी समस्या हुने गरेको छ ।

विवरण हेर्दा थोरै देखिएपनि उक्त गाउँपालिकामा करिब ८ सयदेखि १ हजारसम्म यस रोगले गाई,गोरु मरेको वडा नं. १ का अध्यक्ष जयबहादुर शाहीले बताए ।

अध्यक्ष शाहीका अनुसार गाउँपालिकाभित्र ५ वटा वडा छन् । सबै वडामा मरेका गाई, गोरुको जानकारी शाखामा नगएर विवरण कम भएको उनले बताए । खार्पुनाथ गाउँपालिकाका अध्यक्ष कर्ण रावलले गाउँपालिकाबाट रोग देखा पर्ने वित्तिकै औषधि ल्याएर उपचार गर्दा पनि गाई, गोरु मर्न नरोकिएको बताए । उनले औषधिले काम गरेको वा नगरेको पत्ता नै लगाउन गाह्रो भएको बताए ।

वडा नं. १ का स्थानीय टंक शाहीले गाई, गोरुलाई पशु अस्पतालबाट विभिन्न रोगको खोप लगाएपछि गाई,गोरु मर्न थालेको बताए । स्थानीय शाहीले गाउँ घरमा दिन प्रतिदिन १० देखि १५ वटा गाई, गोरु मर्ने भएकाले गाड्ने ठाउँ नभएकाले जताततै मरेको बस्तु फाल्ने गरेको बताए । यसले गर्दा मानिसमा पनि ठूलो असर परेको उनको भनाइ छ ।

# हुम्ला पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा

हुम्लालाई पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा गरिएको छ । जिल्लाका ७ वटै गाउँपालिका र ४४ वटा वडामा स्वास्थ्यकर्मी, सामुदायिक महिला स्वास्थ्य, स्वयं सेविका घर घरमा पुगेर १३ प्रकारका रोगविरुद्ध खोप लगाएपछि जिल्लालाई पूर्ण खोप घोषणा गरिएको हो ।

कार्यक्रममा जिल्ला स्वास्थ्य सेवा कार्यालयका प्रमुख एवं पूर्ण खोप घोषणा समन्वय समितिका सदस्य सचिव प्रेमबहादुर सिहले स्वागत मन्तव्य राखेका थिए ।

उनले कर्णाली प्रदेशको हिमाली जिल्ला हुम्लामा भौगोलिक विकटतासँगै स्वास्थ्यमा जनचेतना कमीको बाबजुँद पनि स्वास्थ्यकर्मी घर घरमा पुगेर शुन्य देखि १५ महिना र १६ देखि २३ महिनासम्मका बालबालिकालाई दुई भागमा विभाजन गरी खोप लगाए/नलगाएको बारेमा अध्ययन गरी खोप नलगाएकालाई लगाएर पूर्ण खोपयुक्त जिल्ला घोषणा गर्नमा सहयोग पुऱ्याएकोमा सबै सहयोगीलाई धन्यवाद दिए ।

जिल्ला समन्वय समितिका प्रमुख शिवराज शर्माको अध्यक्षतामा भएको कार्यक्रममा कर्णाली प्रदेशका पूर्व मुख्य मन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय कार्य सम्पादन समितिका सदस्य जीवनबहादुर शाही प्रमुख अतिथि रहेका थिए ।

कार्यक्रममा कर्णाली प्रदेश सांसद विजया बोहरा बुढा विशेष आतिथ्यता र अतिथिहरुमा चंखेली गाउँपालिका अध्यक्ष प्यारीलाल शाही, खार्पुनाथ गाउँपालिका अध्यक्ष कर्ण रावल, अदानचुली गाउँपालिका अध्यक्ष मोहन विक्रम सिंह, सिमकोट गाउँपालिका कार्यवाहक अध्यक्ष सुशिला रोकाया, ताँजाकोट गाउँपालिका उपाध्यक्ष सुरेन्द्र थापा, खार्पुनाथ गाउँपालिका उपाध्यक्ष ज्ञानबहादुर सिंह, सहायक प्रमुख जिल्ला अधिकारी अमृत प्रसाद सुवेदी, प्रहरी नायव उपरीक्षक भिमलाल भट्टराई, सशत्र प्रहरी डिएसपी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि शाहीले हुम्ला जिल्लामा भौगोलिक विकटा भएपनि त्यसको प्रवाह नगरी स्वास्थ्यकर्मी जनताको घरदैलोमा पुगी, बालबालिकाले खोप पाए/नपाएको अनुगमन गरी खोप नलगाएकालाई लगाइ, खोप लगाएको लगत संकलन गरी पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा गर्नमा सहयोग पुऱ्याएकोमा स्वास्थ्यकर्मीलाई धन्यवाद दिए । पूर्ण खोप घोषणा गरेर मात्र नहुने बालबालिकालाई खोप र खोज कार्यक्रमलाई निरन्तरता दिनुपर्ने शाहीले बताए ।

पूर्ण खोप समन्वय समितिका संयोजक शिवराज शर्माले जिल्लालाई पूर्ण खोप सुनिश्चितता घोषणा गर्नमा सहयोग पुऱ्याउने हुम्ला जिल्लाका ७ वटै गाउँपालिका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकालाई धन्यवाद दिए ।

उनले हुम्ला जिल्लाका बालबालिकाले पूर्ण खोप पाए/नपाएको निरन्तर अनुगमन हुनुपर्ने र पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणका लागि सहयोग पुऱ्याउने शिक्षक, विद्यार्थी, सरकारी/गैरसरकारी कार्यालका कर्मचारी सामुदायिक तथा निजी विद्यालयलाई धन्यवाद दिए । पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणाको अवसरमा ऱ्याली निकालिएको थियो ।

## देशभर...

भित्रभित्रै मिलाउन खोजिएको भन्दै नागरिकहरुले देशभर विरोध प्रदर्शन गरेका हुन् । भुटानी शरणार्थी प्रकरणमा एमाले नेता, पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, कांग्रेस नेता एवं पूर्वगृहमन्त्री बालकृष्ण खाँणको संलग्न रहेको भन्दै प्रहरीले पक्राउ पुर्जी जारी गरेको थियो । जसमा पूर्वगृहमन्त्री खाँण अनुसन्धनार्थ थुनामा छन् भने पूर्वउपप्रधानमन्त्री रायमाझी फरार छन् ।

काठमाडौंको नक्सालमा शनिबार भएको भ्रष्टाचारविरुद्धको आन्दोलनमा सहभागी भएका नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले बहुमतको स्थिर सरकार नभएका कारण नक्कली शरणार्थी प्रकरणमाथि निष्पक्ष छानबिन हुने कुरामा आशंका उब्जिएको बताए । जनताले खबरदारी गरिरहे भ्रष्टाचारीहरु बच्न नसक्ने उनको भनाइ छ ।

उनले भनेका छन्, 'सडक, सदन र सरकारबाट नै नागरिकले खबरदारी गर्नुपर्छ । हामीले खबरदारी गरिरहे भ्रष्टहरु छुट्दैनन् । हामीले यो गर्नसके राजनीतिक शुद्धीकरण र सुशासनको दिशामा जान सकिन्छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आफ्नो पार्टीको उदयका कारण अन्य दलहरु दबावमा परेको बताए । राष्ट्रिय स्वतन्त्र पार्टीले गत महिना लेनदेनसम्बन्धी अडियो सार्वजनिक भएपछि सांसद ढाकाकुमार श्रेष्ठलाई साधारण सदस्य पनि नरहने गरी निष्कासन गरेको थियो ।

अहिले नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वगृहमन्त्री बालकृष्ण खाँण पक्राउ पर्नुमा र नेकपा एमालेले पार्टी सचिव टोपबहादुर रायमाझीलाई निलम्बन गर्नुमा आफूहरुको भूमिका रहेको लामिछानेले बताए ।

'केही दलले नाम आएका आफ्ना पदाधिकारीलाई र नेतालाई निष्कासन गर्‍यो भन्ने सुन्यौं नि त । हिजोको परिवेश यस्तो थियो त ?' उनले 'राष्ट्रिय स्वतन्त्र पार्टीको राजनीतिमा उदयले घण्टी त बज्यो नि ।' नक्कली भुटानी शरणार्थी प्रकरणलाई पनि कानुनी मात्र नभई व्यवहारिक रुपमा नै निष्कर्षमा पुऱ्याउनुपर्नेमा सभापति लामिछानेको जोड छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न उच्च पदस्थ व्यक्तिहरू पक्राउ गरेर सरकारले प्रशंसनीय काम गरेको बताउँदै विवेकशील साझाकी अध्यक्ष समीक्षा बाँस्कोटाले अब परिणामुखी निष्कर्ष हुनुपर्ने बताएकी छन् ।

तर, यस प्रकरणमा दलका उच्च तहका नेता र उच्च तहका कर्मचारी संलग्न भएकोले कुनै राजनीतिक सौदाबाजी नगर्न र दबाबमा नपर्न अध्यक्ष बास्कोटाको आग्रह छ ।

यसका साथै उनले 'भ्रष्टाचारका अन्य चर्चित काण्डहरू वाइडबडी, यति, ओम्नी, एनसेल, ३३ केजी सुन, सेक्युरिटी प्रिन्टिङ प्रेस, सत्तरी करोड, सीसीटीभी फुटेज, लडाकु शिविर, फोरजी, बालुवाटार जग्गा प्रकरणलगायतको पनि छानबिन गर्न' माग गरेकी छन् ।

## यति...

रहँदै आएको उल्लेख गरेको छ । 'यस्ता घटनाहरुको निष्पक्ष छानबिन र दोषीहरुलाई कानुनको दायरामा नल्याउँदा यसले लोकतान्त्रिक प्रणाली, राजनीतिक नेतृत्व र पार्टीहरुमाथि नै प्रश्न उठ्ने स्थिति सिर्जना भएको छ' पारित प्रस्तावमा भनिएको छ ।

## टोपबहादुर रायमाझीबारे मौन

एमालेले नक्कली भुटानी शरणार्थी प्रकरणमा राजनीतिक पूर्वाग्रह र दबावविना निष्पक्ष रुपमा छानबिन गरी दोषीमाथि हदैसम्मको सजाय माग गरेको छ । तर, यही प्रकरणमा संलग्न रहेको आरोप लागेका पार्टी सचिव टोपबहादुर रायमाझीबारे एमाले मौन बसेको छ । पक्राउ पुर्जी जारी भएपछि रायमाझी फरार छन ।

रायमाझीबारे मौन रहे पनि एमालेले नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर विदेश पठाउने कार्यको भने निन्दा गरेको छ ।

'सोच्न पनि नसकिने यस्तो काममा एकातिर गृह मन्त्रालयकै उच्च नेतृत्व संलग्न रहनुले राज्यविरुद्धको अपराध कति संगठित रुपमा अघि बढाइएको रहेछ भन्ने देखिन्छ' प्रस्तावमा भनिएको छ, 'अर्कातिर यसबाट अन्तर्राष्ट्रिय क्षेत्रमा मुलुकको प्रतिष्ठामाथि नै गम्भीर प्रश्न खडा भएको छ ।'

यो प्रकरणको कुनै राजनीतिक पूर्वाग्रह र दवावबिना निष्पक्ष रुपमा छानबिन गरी दोषीमाथि हदैसम्मको सजाय गर्न एमालेको माग छ । हिरासतमा राखिएका व्यक्तिहरुलाई छानबिनको दायरामा आउनसक्ने व्यक्तिसँग अवैध रुपमा भेटघाट गराउने कार्य नगर्न भनेको छ । 'दोषी कोही नछुटून् र निर्दोष कोही नफसून् भन्ने कुरातर्फ यो बैठक गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छ ।' पारित प्रस्तावमा भनिएको छ ।

## संघीयता...

सुदूरपश्चिमका टोलीले पनि प्रस्तुत गरेका थिए ।

तर, शनिवार एमाले अध्यक्ष ओलीले संघीयता र धर्ननिरपेक्षताप्रति आफू प्रतिवद्ध रहेको प्रष्ट्याएका छन् । पार्टी केन्द्रीय कार्यालय च्यासलमा तीन दिनसम्म चलेको केन्द्रीय कमिटी बैठक समापन गर्दै अध्यक्ष ओलीले संघीयताबारे पुनर्विचार गर्ने कुरा सोच्न पनि नसकिने बताएका हुन् । केन्द्रीय कमिटी बैठकमा अध्यक्ष ओलीले संघीयताको विषय छलफलको एजेण्डा नै नभएको बताए ।

साथसाथै, एमाले अध्यक्ष ओलीले पार्टी केन्द्रीय सदस्यहरुलाई हिन्दू राज्यको पक्षमा धारणा नराख्न निर्देशन नै दिएका छन् । नेताहरुका अनुसार ओलीले बैठकमा भनेका छन्, 'दुई चार जनाले हिन्दू राज्य भन्छन्, उनीहरुकै कुरा मानेर हिँड्ने होइन । पार्टीको दर्शन र सिद्धान्ततिर ध्यान दिनुपर्छ ।'

## साउदी...

गरी मागपत्र प्रमाणीकरण तथा कामदारका समस्या समाधानका लागि तयार रहेको प्रतिबद्धता जनाउँदै देखिएका समस्या समाधानका लागि केही व्यवसायीमा तत्परता देखाउने भन्दा आलटाल गर्ने प्रवृत्ति देखिएकाले समस्या समाधानमा ढिलाइ भएको बताए । उनले संघले अनुभवी व्यवसायीलाई साउदी समस्या समाधानका लागि संयोजकको जिम्मा दिएकाले समस्या समाधानका लागि सहज भएको अनुभव पनि सुनाए ।

अन्तरक्रियामा संघका अध्यक्ष राजेन्द्र भण्डारी, तृतीय उपाध्यक्ष सञ्जु गुरूङ, महासचिव मेघनाथ भुर्तेल, संघको साउदी मामिला प्रमुख बैकुण्ठ प्रसाद पौडेलसहित कार्यसमितिका बहुसंख्यक सदस्य सहभागी थिए । महासचिव भुर्तेलले स्वदेश आएको छोटो समयमा संघको कार्यालयमा उपस्थित भई अन्तरक्रियामा सहभागी भएकोमा महावाणिज्यदूत पोखरेलप्रति आभार व्यक्त गर्दै सम्भव भएसम्म छिटो मागपत्र प्रमाणीकरणमा सहजता ल्याइदिन आग्रह गरे ।

साउदी संयोजक पौडेलले समाधान गर्नुपर्ने धेरै विषय बाँकी रहेको भएपनि आफू संयोजकको जिम्मेवारीमा आएपछि हप्ताको तीन दिन हुने मागपत्र प्रमाणीकरणलाई पाँच दिन र दिनको १ देखि ३ बजेसम्म हुने प्रमाणीकरणलाई १० देखि ४ बजेसम्म गराएको, विगतमा २५ दिन लाग्ने प्रमाणीकरणको काम हाल ५ दिनमै गराउने गरिएको बताए ।

त्यसैगरी उनले विगतमा १२ दिनसम्म लाग्ने फोमिस अनलाइनलाई २ दिनभित्रै हुने र साउदीस्थित कम्पनी रजिस्ट्रार गरेपछि एक हप्तामा दिने गरिएको पासवर्ड एकै दिनमा दिने व्यवस्था गरेर साउदीको वैदेशिक रोजगार प्रक्रियामा रहेका झन्झट कम गरिरहेको बताए ।

संयोजक पौडेलले पनि कामदार समस्यामा परेको अवस्थामा समस्याको समाधान गर्न तत्काल रेस्पोन्स नगर्ने केही व्यवसायीका कारणले राजदूतावास र महावाणिज्य दूतावासमा समन्वय गर्न समस्या हुने गरेको बताए । समस्या उत्पन्न भएपछि तत्काल समाधान नगरे कामदारको आर्थिक दायित्व बढ्नेदेखि वैदेशिक रोजगार विभागले समेत कारबाहीको प्रक्रिया अघि बढाउने भएकाले व्यवसायीहरू समस्या देखापर्न साथ समाधानका लागि अग्रसर हुनुपर्ने देखिएको उनले बताए ।

## ९ महिनामा...

६४ हजार दुई सय ८४, फागुनमा ६१ हजार आठ सय ४५ र चैत महिनामा ६१ हजार चार सय ७८ जनाले श्रम स्वीकृति लिएको विभागको तथ्यांक छ ।

सबैभन्दा बढी मलेसिया, साउदी अरेबिया, कतार र संयुक्त अरब इमिरेट्स (यूएई) का लागि श्रम स्वीकृति जारी भएको छ । गत वर्षको सोही अवधिको तुलनामा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ५१.५ र पुनः श्रम स्वीकृति लिनेको संख्या ५.५ प्रतिशतले वृद्धि भएको छ । चैतसम्म तीन लाख ८७ हजार आठ सय ३९ ले नयाँ संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति र दुई लाख १७ हजार नौ सय ५९ जनाले पुनःश्रम स्वीकृति लिएका छन् ।

वैदेशिक रोजगारीमा जानेको संख्या बढेसँगै विप्रेषण आप्रवाहमा पनि सुधार देखिएको छ । चालु आवको नौ महिनामा नौ खर्ब तीन अर्ब ३९ करोड विप्रेषण भित्रिएको नेपाल राष्ट्र बैंकले जनाएको छ । जुन अघिल्लो आवको सोही अवधिको तुलनामा २४.२ प्रतिशतले बढी हो ।

# भारतमा घाँस काट्ने क्रममा नेपाली युवतीको मृत्यु

**सुरेन्द्र खत्री/मध्यान्ह**
बझाङ, ३० वैशाख

भारतको केदारनाथमा बझाङकी १९ वर्षीया हर्कला बुढाको घाँस काट्ने क्रममा भिरबाट लडेर मृत्यु भएको छ । छबिसपाथिभेरा गाउँपालिका वडा नं.६ लेकगाउँ घर भएकी हर्कला बुढा कामको घाँस काट्ने क्रममा मृत्यु भएको हो ।

उनी वैशाख १५, १६ गते भारतको केदारनाथ गएकी थिइन् । उनको शनिबार लडेर मृत्यु भएको नाताले दाई पर्ने घनश्याम बुढाले जानकारी दिए । उनका अनुसार हर्कलाको दाहसंस्कार पनि भइसकेको छ ।

# नेपाल पत्रकार महासंघ रुकुम पश्चिमको क्यालेन्डर प्रकाशित

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ३० वैशाख

नेपाल पत्रकार महासंघ रुकुम पश्चिम शाखाले २०८० सालको क्यालेन्डर प्रकाशन गरेको छ । शनिबार एक कार्यक्रमका बीच शाखा अध्यक्ष लक्षमण केसीले क्यालेन्डर सार्वजनिक गरेका हुन् ।

अध्यक्ष केसीका अनुसार शाखाका कार्यसमिति, साधारण सदस्य, सबै स्थानीय तहहरु र विभिन्न कार्यालयमा क्यालेन्डर वितरण गरिने छ । मुसीकोट नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले क्यालेन्डर छपाइमा सहयोग गरेको छ । क्यालेन्डरभित्र पत्रकार महासंघको गतिविधि उल्लेख गरिएको छ ।

**रौतहट डायरी**
प्रेमचन्द्र झा/मध्यान्ह

## मिटरब्याजसम्बन्धी जाँचबुझ आयोग र सरोकारवालाबीच अन्तरक्रिया



अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग र सरोकारवालाहरुबीच रौतहट सदरमुकाम गौरमा अन्तरक्रिया गरिएको छ । जिल्ला प्रशासन कार्यालय रौतहटको सभाकक्षमा आयोजित अन्तरक्रिया कार्यक्रममा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्की, सदस्य उत्तम सुवेदी, सदस्य गणेशबाबु अर्यालले उपस्थित सरोकारवालाहरुबीच जिल्लाको यथार्थ अवस्थाको बारेमा जानकारी लिएका छन् ।

प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले जाँचबुझ आयोग गठन हुनु अगावै रौतहट जिल्लामा ९२ वटा उजुरी दर्ता भएको र तीमध्ये ८ वटा फछ्र्यौट भइसकेको बताए । तर आयोग गठन भएपछि बिहीबारसम्म २०९ वटा उजुरी परेको र शुक्रबारमात्रै १५२ वटा गरी ३६१ वटा उजुरी दर्ता भइसकेको उनले जानकारी गराए ।

रौतहटमा रहेका १८ वटा स्थानीय तहमध्ये सबैभन्दा बढी कटहरियाबाट ३५ र राजदेवीबाट उजुरी दिनेको संख्या शून्य रहेको बताउँदै गरुडामा २७, गौरमा ११, चन्द्रपुर, गढीमाई, वृन्दावन, देवाही गोनाही, गुजरा, फतुवा विजयपुर, मौलापुर, बौधीमाई, परोहा, इशनाथ, राजपुर, माधवनारायण नगरपालिका र दुर्गा भगवती, यमुनामाई गाउँपालिका गरेर ३६१ वटा उजुरी जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको प्रजिअ मिश्रले जाँचबुझ आयोगसमक्ष जानकारी गराएका छन् ।

यी उजुरीहरुमा बढी औषधि उपचारको लागि लिएको तथ्यांक रहेको बताउँदै वास्तविकता छानबिन गर्न आयोगसमक्ष पेश गरिने उनले स्पष्ट पारे । आयोगको टोलीसमक्ष स्थानीय तहका प्रमुखहरु भिखारी राय यादव, बैजनाथप्रसाद यादव, शम्भु कुमार सिंह, प्रदीप यादव, विनोद कुर्मी, नेपाल बार एशोसिएशनका अध्यक्ष नन्दकिशोर साह, रौतहट उद्योग वाणिज्य संघका अध्यक्ष पंडित प्रसाद जयसवाल, नागरिक समाजका अध्यक्ष जगन्नाथ प्रसाद केसरी, पूर्व नगरप्रमुख धिरेन्द्र सिंह, नेपाल पत्रकार महासंघका अध्यक्ष प्रेमचन्द्र झाले मिटरब्याज पीडितहरुलाई कसरी न्याय सम्पादन गर्ने, पीडकलाई कानूनी दायरामा ल्याउनेलगायतका जिज्ञासाहरु राखेका थिए ।

अन्तरक्रियामा उठेका जिज्ञासाहरुलाई आयोगका अध्यक्ष गौरीबहादुर कार्की र सदस्य सुवेदीले सहजीकरण गर्दै आयोग सत्यताको धरातललाई टेकेर कार्य गर्ने बताएका छन् ।

## 'मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार' राससका अध्यक्ष झालाई



नेपाल पत्रकार महासंघ रौतहट शाखाले स्थापना तथा व्यवस्थापन गरेको 'मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार २०८०' बाट राष्ट्रिय समाचार समिति (रासस)का अध्यक्ष धर्मेन्द्र झा पुरस्कृत हुने भएका छन् ।

रौतहटबाट प्रसारण हुने रेडियो मधेश मसला १०६.४ मेगाहर्जका स्टेशन म्यानेजर तथा जनकपुर टुडे पत्रिकाका संवाददाता पत्रकार मनोजकुमार चौधरीको कोरोना संक्रमणका कारण ४१ वर्षको अल्पायुमै नारायणी अस्पताल वीरगञ्जमा उपचारका क्रममा २०७८ वैशाख २८ गते निधन भएको थियो ।

उनको निधनपश्चात नेपाल पत्रकार महासंघ रौतहट शाखाले पत्रकार चौधरीको सम्झनामा 'मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार'को स्थापना गरेको थियो । यस वर्षको 'मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार' आगामी जेठ २० गते प्रदान गरिने भएको छ ।

२५ हजार रूपैयाँ राशिको सो पुरस्कार राससका अध्यक्ष झालाई दिइने नेपाल पत्रकार महासंघ रौतहटका सचिव मदन ठाकुर (धनन्जय)द्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । गत वर्ष उक्त पुरस्कारबाट गोरखापत्रका नायव कार्यकारी सम्पादक कुमार विवेकानन्द मिश्रलाई प्रदान गरिएएको नेपाल पत्रकार महासंघ रौतहटका कोषाअध्यक्ष धर्मेन्द्र साहले जानकारी दिए ।

# प्रदेश र इटहरी उपमहानगरबीच विवाद

## वन कार्यालयद्वारा टिपर नियन्त्रणमा, बिना सर्त नछाडे आन्दोलनको चेतावनी

**तेज बन/मध्यान्ह**
इटहरी, ३० वैशाख



खोलाजन्य प्राकृतिक श्रोत साधनको प्रयोगलाई लिएर कोशी प्रदेश सरकार र इटहरी उपमहानगरपालिकाबीच विवाद उत्पन्न भएको छ । प्रदेश सरकारले वन नियमावली ल्याउन ढिलाइ गर्दा राजश्व बाँडफाँड लगायतका विषयमा यी दुई तहबीच विवाद उत्पन्न भएको हो ।

जनप्रतिनिधिले नै खोलाबाट ढुंगा गिटी उत्खनन् गर्न नरोकेपछि डिभिजन वन कार्यालय सुनसरीले इटहरी उपमहानगरपालिकाको ५ वटा टिपर शुक्रबार नियन्त्रणमा लिएको छ । खोला ठेक्का नलगाई नगरप्रमुख र वडा अध्यक्ष लगायत स्थानीयनै खोलामा बसेर दुई सातायता इटहरी ३ खोर्सानेे खापस्थित बुढी खोलाबाट ढुंगा गिटी उत्खनन् गर्न थालेपछि कोशी प्रदेश सरकारले डिभिजन वन कार्यालय सुनसरीमार्फत रोक्न खोजेको थियो ।

डिभिजन वन कार्यालयले खोलाबाट आफूखुसी ढुंगा गिटी उत्खनन् कार्य तत्काल रोक्न आग्रह गरेपनि इटहरी उपमहानगरले उत्खनन्को काम रोकेको छैन । काम नरोकेपछि शुक्रबार सुनसरी प्रहरीको सहयोगमा वन कार्यालयले ५ वटा टिपर र चालकलाई खोला छेउबाट नियन्त्रणमा लिएको हो ।

वन कार्यालयले इटहरी उपमहानगरपालिकाले मिक्स गिटी बोक्न प्रयोग गरेको को १ ख ६३७९, ६३३५, ७१३०, ६५९९ र प्र-१-०२-००१ क ४०१३ नम्बरको टिपर र चालक नियन्त्रणमा लिएको इटहरी उपमहानगर पालिकाका कार्यवाहक मेयर दिवस पोखेलले बताए ।

अवैधरुपमा भइरहेको खोला उत्खनन् कार्य तत्काल रोक्न पटक-पटक आग्रह गर्दा पनि अटेरी गरेपछि बाध्य भएर शुक्रबारबाट टिपर नियन्त्रणमा लिनुपरेको डिभिजन वन कार्यालय सुनसरीका डिभिजन वन अधिकृत धर्मनाथ शाहले बताए ।

वन कार्यालयले ट्रीपर नियन्त्रणमा लिएपछि उपमहानगरपालिकाका २० वटै वडाका वडाअध्यक्षहरु वन कार्यालय घेराउका लागि पुगेका थिए ।

वन कार्यालय पुगेका वडाअध्यक्षहरुलाई जिल्ला वनले अनुसन्धान भइरहेको भन्दै फर्काइ दिएको छ । घटनाको विषयमा अनुसन्धान गर्न बन अधिकृत ओम अधिकारीको संयोजकत्वमा अनुसन्धान समिति बनाएको छ ।

### उपमहानगरको आपतकालीन बैठक

सोही घटनालाई लिएर इटहरी उपमहानगरको आपतकालिन कार्यपालिका बैठक शनिबार बसेको छ । उपमहानगरको कार्यवाहक मेयर दिवश पोखेलको अध्यक्षतामा बसेको बैठकले वन कार्यालयको नियन्त्रणमा रहेका सवारी साधन र चालकहरूलाई बिना सर्त रिहाइको माग गरेको छ । सम्बन्धित निकायसँग समन्वय नै नगरी नियम विपरित नदीजन्य पदार्थ उत्खनन् गरेको भन्दै जिल्ला वन कार्यालय सुनसरीले शुक्रबार ५ जना चालकसहित ५ वटा टिपर नियन्त्रणमा लिएको थियो । सोहि विषयमा केन्द्रित भइ उपमहानगरले शनिबार बिहान आपतकालिन बैठक बोलाएको हो ।

बैठकमा कार्यपालिका सदस्यहरूले घटनाको घोर भत्सर्ना गर्दै वन कार्यालयले नियन्त्रणमा लिएको सवारी साधन र चालकहरूलाई बिना सर्त रिहाइको माग गरेका छन् । बैठकमा कार्यवाहक मेयर दिवश पोखेलले आफ्नो क्षेत्रको खोलाबाट गिटी, बालुवा निकाल्ने यस अगाडि कार्यपालिकाबाट पास गरी नियम पूर्वक काम गरिरहेको बेला वन कार्यालयबाट धर पक्कड भएको बताए । उनले डुबान क्षेत्रबाट जनताले माग गरे बमोजिम वडाहरूमा विकास निर्माणको कामका लागि आवश्यक गिटी बालुवा निकाल्ने काम गरिरहँदा वन कार्यालय तगारो बनेको पनि बताए ।

बैठकमा कार्यपालिका सदस्यहरू माधव कोइराला, तारादेवी ढकाल, प्रभात आचार्य, भिमा तुम्हाम्फे, भुवन पोखेल लगायत अन्यले वन कार्यालयको निन्दा गर्दै नियनत्रणमा रहेका चालक र सवारी यथाशिघ्र छाड्न माग गरेका छन् । २४ घण्टाभित्र माग सम्बोधन नभए उपमहानगर मात्र नभइ सिंगो नगरवासी वन कार्यालयविरूद्ध आन्दोलनमा उत्रने चेतावनी दिएका छन् । घटनाबारे कोशी प्रदेश सरकार, संघीय सरकार र मातहतका कार्यालयहरूमा पनि जानकारी गराइसकेको तर कतैबाट कुनै सुनुवाइ नै नभएको कार्यपालिका सदस्यहरूले बताएका छन् ।

# बालबालिकाहरुलाई किताबी ज्ञानसँगै बाहिरी ज्ञान पनि आवश्यक छः हनी बंसल

**राजेन्द्र महतो/मध्यान्ह**
सिराह, ३० वैशाख



स्टार कौशलकी संस्थापक एवं कार्यकारी निर्देशक(सीईओ) हनी बंसलले आफ्ना बालबालिकाहरुलाई किताबी ज्ञानको जति आवश्यक छ, त्यति नै बाहिरी ज्ञानको पनि आवश्यक रहेको बताएकी छन् । उनले यस्ता ज्ञानले अपराधिलाई अपराध गर्नबाट रोक्न नसके पनि अपराध हुनबाट बचाउन सकिने उनले बताइन् ।

मध्यान्हसँगको कुराकानीमा उनले समय अनुसार बालबालिकाहरुलाई हामीले सही र गलत छुवाइ (गुड टच र ब्याड टच) को बारेमा बताउन आवश्यक रहेको बताइन् ।

बंसलले भनिन्, 'सही र गलत छुवाइ (गुड टच र ब्याड टच)बीचको भिन्नताका बारेमा अभिभावक र विद्यालयहरूले आफ्ना बच्चाहरूसँग कुरा गर्नु आवश्यक छ । किनभने बाल्यकालमा यौन दुर्व्यवहार र बलात्कारका घटनाहरू दिनप्रतिदिन बढ्दै गएका छन् ।'

बंसलले बच्चाहरूलाई स्पर्शको बारेमा संवेदनशीलताको ज्ञान हुनुपर्ने बताइन् । यसले उनीहरूलाई जीवनमा सकारात्मक नभएका घटनाहरूलाई राम्रो र स्वस्थ तरिकाले ह्यान्डल गर्न मद्दत गर्ने उनको भनाइ छ । साथै यसले उनीहरूको व्यक्तित्वलाई असर नगरी भावनात्मक रूपमा बलियो बन्न मद्दत गर्ने पनि उनले बताइन् ।

बंसलले थपिन्, 'राम्रो स्पर्श भनेको सुरक्षित स्पर्श हो, उदाहरणका लागि आमाबाबुले अंगालो हाल्नु, खराब स्पर्श एक असुरक्षित स्पर्श हो, जहाँ कुनै पनि व्यक्ति असहज हुन सक्छ उदाहरणको लागि जब कसैले अनुमति बिना समात्छ ।'

अभिभावकले आफ्ना सन्तानसँग केही समय बिताएर यस विषयमा खुलेर कुरा गरेमा मात्र बालिकाले सही र गलतको बारेमा बुझ्न सक्ने उनले बताइन् ।

बंसलले भनिन्, 'यस्तो शिक्षाको ज्ञान हामी धेरै कम घरहरुमा मात्र देख्छौं । प्रायः घरहरुमा किताबी ज्ञानलाई मात्र बढी महत्व दिने गरिन्छ । बच्चालाई सधैं बच्चा जस्तो भएर सम्झाउनु आवश्यक छ । यदि तपाईं बच्चालाई यी कुराको बारेमा सम्झाउँदै हुनुहुन्छ भने एकान्त भन्दा सबै भएको ठाउँमा सम्झाउनुपर्छ । यसो गर्दा उनीहरुले सही र गलत टचको बारेमा राम्रोसँग सम्झन्छन् ।'

उनले हामीले बच्चासँग सधैं साथी जस्तो व्यवहार गर्ने र यस्तो व्यवहारले बालबालिकाले सबै कुरा शेयर गर्न थाल्ने बताइन् । विद्यालयको शिक्षामा पनि गुड टच र ब्याड टचको बारेमा नबताउनु पनि सबैभन्दा ठूलो गल्ति भएको उनको भनाइ छ । उनले भनिन्, 'बालिकाहरुलाई विद्यालयले सही र गलत कुराको ज्ञान दिनुपर्छ । बालबालिकाहरुलाई स्कूलमै छुट्टै क्लास दिनुपर्छ, जहाँ उनीहरुले सजिलै यो कुरा बुझ्न पाउन् र समय आएको बेला आफूलाई बचाउन सकून् ।'

# सर्लाहीबाट लागुऔषधसहित दुई जना पक्राउ

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ३० वैशाख



सर्लाहीबाट लागुऔषधसहित दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा गोडैता नगरपालिका-३ का अजय सहनी र सोही वडाका ३२ वर्षीय ताजबाबु दर्जी रहेको प्रहरीले जानकारी दिएको छ ।

शुक्रबार राति सर्लाहीको मधुवनीबाट काठमाडौंका लागि छुटेको बा.प्र.०६-००१ ख ०००३ नम्बरको यात्रुवाहक बसलाई इलाका प्रहरी कार्यालय बरहथवा र सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेस सुन्दरपुर चुहडवाका संयुक्त टोलीले चेकजाँच गर्दा उनीहरुको साथबाट कोलिवेल काउज सिरप १ सय ८७ बोत्तल, नुफिन, फेनार्गन, डाइजोपाम ९२/९२ एम्पुल गरी २७६ एम्पुल, नाइट्राभेट ३०० र नितजा केयर-१० ९०० ट्याब्लेट बरामद भएको इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी नायव उपरीक्षक मकेन्द्र मिश्रले जानकारी दिए ।

पक्राउ परेका दुवै जनालाई लागुऔषध मुद्दामा जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान शुरु गरिएको उनले बताए ।

**प्रवास डायरी**
तिलु शर्मा पौडेल/मध्यान्ह

## कतारमा रहेका तमु चेलीबेटीले गरे दाजुभाइको सम्मान



तमु (गुरुङ) समाज कतारको संरक्षकत्वमा स्थापित महिला विभागले आयोजना गरेको दाजुभाइ भेटघाट, खानपिन तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । तमुहरूको महत्वपूर्ण पर्व वैशाख पूर्णिमाको अवसरमा आयोजित उक्त कार्यक्रम विभागकी महिला संयोजक शिला गुरुङको सभापतित्व तथा गैरआवासीय नेपाली संघ (एनआरएनए) आइसीसीका सचिव प्रवीण गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

कार्यक्रममा चेलीबेटीमार्फत समाजका दाजुभाइहरूलाई गलबन्दी ओढाएर सम्मान गरिएको थियो भने तेज गुरुङ र दुर्गा गुरुङलाई क्रेगीद्वारा सम्मान गरिएको थियो । तमुहरूको संस्कारअनुसार कार्यक्रमका प्रमुख अतिथिलाई पनी क्रेगीद्वारा सम्मान गरिएको थियो । कार्यक्रममा कतारमा स्थापित थुप्रै संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । सुमी गुरुङ, सलिना गुरुङ, सुष्मा तामाङ, सुजन राई, अमित राई, रबिन गुरुङ, टिकाराज गुरुङ लगायतले नृत्य र गोबिन गुरुङ, विशाल गुरुङले आफ्नो गायनबाट उपस्थितलाई मनोरञ्जन प्रदान गरेका थिए । सांगीतिक प्रस्तुतिअन्तर्गत अस्मि गुरुङ र विशाल गुरुङको प्रत्यक्ष दोहोरीले कार्यक्रममा रौनकता बढाएको थियो ।

गुरुङ समुदायको मौलिक नृत्य मानिने घाटु नाच आकर्षणको केन्द्र रह्यो । रेजीना गुरुङ, तिलमाया गुरुङ, रञ्जना गुरुङलगायतका कलाकारले आकर्षक गीति नाटक पेस गरेका थिए । घाटु नाचका बारेमा समाजका संरक्षक सदस्य कृष्ण गुरुङले प्रष्ट पारेका थिए । समाजकी अध्यक्ष तथा कार्यक्रम संयोजक टौमाया गुरुङले पनि घाटु नाचको चर्चा गरेकी थिइन् ।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि प्रवीण गुरुङले तमुहरूमा थप एकताको खाँचो रहेको औंल्याउँदै एकताले नै सामाजिक हितमा सशक्त भएर अगाडि बढ्न सकिने बताए । एनआरएनए एनसीसी कतारको नजिकिँदै गरेको महाधिवेशनप्रति लक्षित गर्दै तमुहरूलाई नेतृत्वमा पुग्न पनी एकताको खाँचो रहेको उनले बताएका हुन् । डिजन गुरुङले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै कार्यक्रमकी सभापति गुरुङले दाजुभाइले प्रदान गरेको माया, साथ र हौसलाप्रति आभार व्यक्त गरिन् ।

**चिट्ठा कार्यक्रमको नतिजा सार्वजनिक**

समाजले गत साल सञ्चालन गरेको चिट्ठा कार्यक्रमको नतिजा पनी सोही कार्यक्रममामार्फत सार्वजनिक गरेको छ । सार्वजनिक नतिजाअनुसार तृतीय पुरस्कार तीन वटा स्मार्ट घडी चिट्ठा नम्बर ००४८ का कृष्ण गुरुङ, ०८८३ का कृष्ण भुजेल र ५०० का परशुराम थापाले जितेका छन् । त्यस्तै द्वितीय पुरस्कार पाँच ग्राम सुन चिट्ठा नम्बर ११५४ वीर कुमारीले जितेकी छन् । पहिलो पुरस्कार १० ग्राम सुन चिट्ठा नम्बर ०३६४ मुना तामाङले जितेकी छन् ।

### घाटु नाचको महत्व

घाटु नाच विशेषगरी गुरुङ र मगर जातिमा प्रचलित नाच हो । श्री पञ्चमीमा विधिपूर्वक पूजा अर्चना गरी शुरु गरिने घाटु नाच मातातिर्थ औंशीदेखि मध्य वैशाखसम्म नाचिन्छ । घाटु एक शास्त्रीय नाच हो । घाटु गुरुङ मगरहरूको लोक संस्कृतिमा आधारित एउटा गीति नाटक तथा प्रसिद्ध लोक नृत्य हो । किंवदन्तीअनुसार १६ औं शताब्दीतिरका एक दम्पती राजा रानीको विवाह, प्रेम, गृहस्थी, राजकाज, जङ्गल प्रस्थान, सिकार आदि घटनामा आधारित भएर घाटु नाचिन्छ । घाटुको गीतमा परशुराम राजा र चम्पा ती रानीको कथावस्तु रहेको हुन्छ । घाटुमा नाच्नका लागि घाटुकी कन्या कथाको विषयवस्तु अनुसार आवश्यक संख्यामा छानिन्छ । उनीहरूलाई घाटु नाच्नुअघि अक्षेताले इष्टदेवी, हिउँचुली, बरचुली, देउचुली, गंगाचुली आदिको पूजा गरेपछि घाटु नाच्ने कन्याहरूको आँखा बन्द हुने गर्दछ । यसलाई देवी चढेको मानिन्छ । कन्याहरूको आँखा बन्द नभएसम्म देवीहरूको नाम जप्नुपर्छ । देवीले पत्याएपछि घाटु शुरु गरिन्छ । घाटु नाचको शुरुवात मंगल चरणबाट गरिन्छ । इष्टदेवीहरूको साथमा आमा, धर्ती र आकाशलाई साक्षी राखिन्छ । घाटु नृत्यमा वाद्य र साज श्रृंगार भन्दा पनि कारुणिक कथाको व्याख्या गरिएको हुन्छ । कारुणिक र हृदयविदारक गीत गाएर शोकाकुल अवस्था सिर्जना हुँदा गाउने कलाकार र दर्शकसमेत धुरुधुरु रुने गर्दछन् । सती घाटुमा गुरुवाले गीतबाटै मंगलचरण गरी घाटु देवता जगाउने, घाटुली चयन, श्रृंगार गर्ने, नृत्यकला सिकाउने, सती ढलाउने, सती जगाउने काम गर्दछन् ।

## एनसीसी कतारको पञ्जीकृत सदस्यताका लागि १२ हजार बढी आवेदन

गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनसीसी) कतारको सन् २०२३-२०२५ कार्यकालको पञ्जीकृत सदस्यताका लागि १२ हजार बढी आवेदन प्राप्त भएको छ । गत फेब्रुअरी २६ बाट खुला गरिएको आवेदनको समयावधि १२ मेमा सकिएको छ । समयावधिभित्र प्राप्त आवेदनमध्ये कागजात पूरा भएका ९ हजार ४ सय ६२, कागजात अपुग भई ड्राफ्टमा रहेका २ हजार ९ सय ५१ गरी १२ हजार ४ सय १३ आवेदन प्राप्त भएको एनसीसी कतारले जनाएको छ । परेका आवेदनमध्ये एक जनाको आवेदन अस्वीकृत भएपनि त्यसको विवरण खुलाइएको छैन ।

शुक्रबार राति आइसीसी उपाध्यक्ष नरेन्द्र भाटको प्रमुख आतिथ्यतामा एक कार्यक्रमको आयोजना गर्दै सदस्यता आवेदन बन्द गरिएको हो । कार्यक्रममा आइसीसी सचिव प्रविन गुरुङ, मध्य पूर्व सहसंयोजक केवि हमाल, आइसीसी सदस्य तेज कटुवाल, कुमार खडका, पूर्वअध्यक्ष एवम् पूर्वमानार्थ परिषद् सदस्य कमलमणि गुरागाईं, पूर्वमानार्थ परिषद् सदस्य विमल सुवेदी र शनिकुमार वलीको उपस्थिति रहेको थियो । कार्यक्रममा एनसीसी अध्यक्ष मोहमद मुक्तदा मुसलमानले पञ्जीकृत सदस्यताका लागि आवेदन दिने सम्पूर्णमा धन्यवाद व्यक्त गरेका थिए ।

अन्तिम परिषद् भेलाको निर्णयअनुसार पञ्जीकृत सदस्यता आवेदकको प्रारम्भिक नामावली १३ मेमा प्रकाशन गरिनेछ । कागजात प्रमाणीकरण अन्तिम मिति २६ मेसम्म र दोस्रो पटक नामावली २७ मेमा, दाबी विरोध २८ मेदेखि २ जुनसम्म रहेकोमा दाबी विरोधपछि तेस्रो नामावली प्रकाशन ३ जुनमा गरिने कार्यतालिका रहेको छ । स्वीकृत भएका पञ्जीकृत सदस्यको शुल्क ९ जुन सम्म भुक्तानी गर्नुपर्ने छ भने १६ जुनमा अन्तिम नामावली प्रकाशन गरी निर्वाचन समितिलाई हस्तान्तरण गरिनेछ । एनसीसी कतारको दशौं राष्ट्रिय महाधिवेशनसहितको निर्वाचन १४ जुलाई र महाधिवेशन समारोह २८ जुलाईमा हुने छ ।



मध्यान्ह
www.madhyanhadaily.com
३१ वैशाख २०८०, आइतबार
14 May 2023, Sunday

## सम्पादकीय

# खबरदारीको सन्देश

शनिबार मुलुकभरका प्रमुख शहरहरूमा खबरदारी प्रदर्शन भएको छ। राजधानी उपत्यकाका विभिन्न स्थानमा खबरदारी प्रदर्शन भएको थियो। यी सवै प्रदर्शनमा नागरिक अगुवाले भ्रष्टाचारविरूद्ध खबरदारी गरे । सबै ठाउँको प्रदर्शनको साझा उद्देश्य भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता अपनाउन राज्यलाई दबाव दिनु हो । प्रदर्शनका क्रममा नक्कली भुटानी शरणार्थी प्रकरणको छानबीन अगाडि बढाएकोमा प्रहरी संयन्त्रको प्रशंसा गरिएको छ। प्रशंसासँगै खबरदारी पनि गरिएको छ । विशेषगरी राजनीतिक नेतृत्वप्रति नागरिक समाजले आशंका गरेको देखियो । नेताहरूले कमाएको सम्पत्ति र निर्णय प्रक्रियाप्रति आशंका गर्दै प्रदर्शनकारीले खबरदारी गरेको छ। शनिबार देशभर भएको प्रदर्शनलाई भ्रष्टाचारविरूद्ध भनिएपनि नक्कली शरणार्थी प्रकरणलाई निष्कर्षमा पुऱ्याउन दबाव दिइएको बुझ्न सकिन्छ ।

किनकि यो प्रकरणमा प्रमुख दलका उच्च तहका राजनीतिक नेतृत्व तानिएको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् पूर्वगृहमन्त्री बालकृष्ण खाँण पक्राउ परिसकेका छन्। उनका स्वकीय सचिव पनि प्रहरी नियन्त्रणमा छन्। प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सचिव टोपबहादुर रायमाझीलाई वैशाख २० गते पक्राउ पूर्जी जारी गरिएपनि अझै फरार छन्। रायमाझीका छोरा सन्दीप पक्राउ परेका छन्। बहालवाला सचिव एवम् पूर्व गृहसचिव टेकनारायण पाण्डे प्रहरी नियन्त्रणमै छन् । अझ यो प्रकरणको छानबीनमा उच्च नेतृत्व तानिन सक्ने नागरिक आशंका छ । तर पक्राउ पूर्जी जारी भएकै नेता फरार भएको र शीर्ष नेताहरू लगातार सम्वादमा जुट्न थालेकाले नागरिक खबरदारी भएको सहज अनुमान लगाउन सकिन्छ ।

नागरिक अगुवाको सन्देश हो– भ्रष्टाचारमा दलहरूबीच राष्ट्रिय सहमति नहोस्। बिगतमा पनि ठूला भ्रष्टाचारको विषय सार्वजनिक हुने, तर निष्कर्षमा नपुग्ने प्रवृत्ति रहेकाले नागरिक अगुवामा सन्देह देखिनु स्वभाविक हो। अझ भ्रष्टाचारका मुद्दामा दलहरूबीच राष्ट्रिय सहमति हुने आरोप लाग्ने गरेको छ । अनि यसैबेला प्रमुख दलका प्रमुखहरूबीचको भेटवार्ता बाक्लिएको छ । सार्वजनिक समारोहमा एकअर्काविरूद्ध चर्को आरोपप्रत्यारोपमा उत्रने नेताहरूबीच लगातार भेटवार्ता चलिरहेको छ। नभन्नलाई त उनीहरूले संसद् र सरकार सञ्चालनका विषयमा छलफल चलिरहेको बताउने गरेका छन् । तर यसैबेला भइरहेको छलफललाई आशंकाले हेरिएको छ । त्यही आशंकाले नागरिक समाज खबरदारी प्रदर्शनमा उत्रिएको बुझ्न सकिन्छ। राजनीतिक नेतृत्व र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले यसबारे गम्भीर बन्न जरूरी छ।

# राजनीति र देशको एजेण्डा

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



*अहिलेको मुख्य बहस कसरी मुलुकलाई आत्मनिर्भरतातर्फ लैजाने भन्ने कोणबाट हुनुपर्थ्यो । सेटिङ र कमिशनको जालो तोडी भौतिक निर्माणका काम कसरी गर्ने भन्नेतर्फ हुनुपर्थ्यो । हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धहरू बिग्रिएका छन् । यस्तोमा समान र मैत्री सम्बन्धबाट विश्वका हरेक देशसँग कसरी कूटनैतिक सम्बन्ध दरिलो बनाउने भन्ने कोणबाट छलफल हुनुपर्थ्यो । तर त्यसो भइरहेको छैन । सत्ताको नेतृत्वकर्ता कसरी सत्ता जोगाउने ? प्रतिपक्षी कसरी सत्ता बदल्ने ? भन्ने खेलमा मात्रै लिप्त भए ।*

हाम्रो बोली र व्यवहार धेरै फरक हुँदैछ। भन्छौं एक थरि, गर्छौं अर्कै ! आत्मनिर्भरताको रटान रटेको विद्यालय शिक्षादेखि नै हो, तर देशमा भइरहेको छ परनिर्भरता ! अघिका सरकारहरुले पनि स्वाभिमानी, स्वावलम्बी स्वआर्जित कमाइले आफै उभिने भनेर भनेको हो । हालको सरकारले पनि भनेको छ, तर दिनपरदिन देशको स्थिति नाजुक छ, महँगी, व्यापारघाटा, विदेशी ऋणले पोल्न थालेको छ । विकासको पूँजीगत खर्च घटेको, चालु खर्च बढेको छ । सार्वजनिक परिवहनको न्यूनतम पूर्वाधारसम्म तय हुन नसकेको सन्दर्भमा पानी जहाज र पूर्व-पश्चिम, उत्तर-दक्षिण रेल हुँइक्याउने सपना बाँडेको अघिल्लो बहुमतीय सरकारले साँढे तीन वर्षमा विदेशी ऋणलाई तेब्बर बढायो। बहुचर्चित जनकपुर-जयनगर रेल सेवा त्यो पनि अरुलाई ठेक्कामा दिनुपर्ने करोडौं खर्चिएको रेललाई घुम्टो ओढाएर राखिरह्यो । पछिल्लो गठबन्धनले पनि शुभ लक्षण देखाएको छैन, न्यायालयको केश र नागरिकता विधेयक अनि एमसीसीको केस हेर्दा हुन्छ ।

दाम्लो फुकेका पशुहरुले पारीको सुकेको परालँलाई हरियो देख्छन्, नजिकको घाँस नमिठो लाग्छ । हाम्रो सन्दर्भमा त्यही भएको छ । जग्गा जमिन बाँझो राखी खाडीमा गएर श्रम गर्न मजा लाग्छ । साँच्चै हामी सुनको कचौरा लिएर विदेशीसँग भिक्षा माग्दैछौं । सामान्य स्वास्थ्य सामग्रीदेखि खाद्यान्नसमेतका लागि हामी परनिर्भर छौं । यहाँ फस्टाएको उद्योग भनेको राजनैतिक उद्योग मात्रै हो, अरु सबै दुब्लाएका छन्, र त प्रजातन्त्र र लोकतन्त्रको अब्बल भएको अमेरिकामा ३२ करोड जनसंख्या हुँदा चार सय ३५ जना सभासद छन्, भारतमा एक अर्ब २० करोड जनसंख्या हुँदा पाँच सय ४५, रुसमा १३ करोड जनतामा चार सय ४०, जापानमा १४ करोड जनतामा चार सय ८०, इन्डोनेसियामा २५ करोड जनतामा पाँ सय ५०, ब्राजिलमा २० करोडमा पाँच सय १३, पाकिस्तानमा १९ करोड जनतामा दुई सय ७२, मेक्सिकोमा १३ करोड जनतामा पाँच सय सभासद भए पुग्ने तर, यहाँ तीन करोड जनता नपुग्दै छ सय एक सभासद भई खर्बौं रकम खर्चिएर झण्डै एक दशक लामो समय लगाएर बनाएको संविधान व्यवहारतः अलपत्रमा छ ।

सांसद संख्या केन्द्र, प्रदेश र स्थानीय तहका राजनैतिक पदहरु गनेरै भ्याइँदैन । विकसित मात्रै होइन विकासोन्मुख देशहरुमा पनि समानुपातिक प्रणाली छैन । अमेरिका, बेलायत, जापानको प्रणाली हेर्दा हुन्छ, कतै कुनै विषयमा आयोगहरु देखिए पनि यहाँको जस्तो विषयपिच्छे आयोगहरु विदेशमा देखिन्न । हाम्रो जस्तो एकल राज्य प्रणालीबाट संघीयतामा गएको देश अरु छैनन्, यदि छन् भने ती छिन्न भिन्न भएर टुक्रिएका छन् । समाजमा जात, जाति, लिङ्ग, धर्मका आधारमा आरक्षण दिने पनि होइन, सम्पन्नता र विपन्नतालाई हेर्नुपर्ने हो । समानुपातिक प्रणाली भनेको दलहरुको आयस्रोत बढाउने माध्यम बनेको छ । नेता धेरै भएर देश विकास हुने होइन, रातमा एउटै चन्द्रमाको उज्यालो पर्याप्त हुन्छ, गतिलो देश हाँक्न सक्ने, भविष्यसम्मको आकंलन गर्न सक्ने थोरै नेताले पनि गरिबीको चरम सीमामा रहेका देशको उत्थान गरेका उदाहरण धेरै छन् विश्वमा ! यहीं पनि रवि, बालेनहरुले संकेतसम्म देखाउन भ्याएका छन् ।

देशमा कमसेकम खाद्यान्नमा त आत्मनिर्भर हुनुपर्ने हो । कृषि प्रधान भनिएको देशमा कूल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान घट्दो छ । अघिल्लो वर्ष मनसूनले साथ दिँदा र सोचेजति नै धान रोपाई हुँदा पनि चालको आयात ३० अर्ब नाघेको भन्सार विभागको तथ्यांक छ । हरेक सरकारहरुले सिँचाई प्रणालीमा पर्याप्त सुधार गरेको भनिरहँदा पनि कूल खेतीयोग्य भूमिमा २५ देखि ३० प्रतिशत खेतीमा मात्र सिँचाइ सुबिधा भएको देखिन्छ । अहिलेको संयुक्त सरकारको आर्थिक नीति हेर्दा पनि लिफ्ट सिँचाइ प्रणालीको व्यापक सुधारको चर्चा छ । मधेश प्रदेश जहाँ देशकै कूल खेतीयोग्य जमिनमध्ये २५ प्रतिशत जमिन छ, त्यहीं उत्पादन कम छ । तराईलाई उहिलेदेखि नै हामीले अन्नको भण्डार भन्दै आएका हौं, मधेशमै आठ हजार एक सय २८ हेक्टर खेतीयोग्य जमिन छ, त्यहीं कम भएको छ, उत्पादन ।

देशका मध्य, पूर्व र तराईक्षेत्रमा उत्पादन हुने धानको मात्रामध्ये तराईमै ७० प्रतिशत बढी हुने हो । अझै पनि हामीकहाँ मलको सिजनमा मल नपाइने, बीउ नपाइने, उत्पादन भएका बखत आपूर्ति असहज हुने परिवेश विद्यमान छ । राजनीतिक भनसून जति बलियो छ, खेतीबाट हुने उत्पादनमा मनसूनको अवस्था त्यस्तै छ । सरकारले धान, मकै, गहूँ, कोदो, फापर, सिमी आदि थप जाति बीउ सिफारिस गरेकै भरमा उत्पादन बढी, आयात कम भइ हाल्ने आशा गर्नु कतिको सार्थक होला ? यस वर्ष गत वर्षभन्दा १० लाख मेट्रिक टन बढी धान उत्पादन गरी वार्षिक ६६ लाख मे. टन पुऱ्याउने सरकारी लक्ष्य थियो । तर, लक्ष्य पूरा भएन । मनसूनको शुरुमै र बाली उठाउने बेला बाढी, पहिरोले जनजीवनमा कष्ट र खेतीयोग्य भूमिमा समस्या देखा परेको थियो ।

संयुक्त सरकारले देशलाई स्वर्ग नै बनाउला भन्ने कल्पना गरिएकोमा दर्जनौं विषयहरु थाँतीमै रहँदा हिउँदे संसदको अन्त्य भयो । तुरुन्तै बजेट अधिवेशन शुरु हँदा नक्कली भूटानी शरणार्थी प्रकरण शुरु भयो र गन्यमान्यहरु प्रहरी हिरासतमा रहेका छन्। वर्षौंदेखि देखिएका समस्याहरु थाँती छन् भने राष्ट्रिय राजनीतिमा नयाँ-नयाँ समस्या देखिएका छन् । एमसीसी, एसपीपी, नागरिकता विद्येयक जस्ता विषयले प्रवेश पाएका छन् । यस्तोमा देशका मुख्य मुद्दा ओझेलमा परेका छन् ।

अहिलेको मुख्य बहस कसरी मुलुकलाई आत्मनिर्भतातर्फ लैजाने भन्ने कोणबाट हुनुपर्थ्यो । सेटिङ्ग र कमिशनको जालो तोडी भौतिक निर्माणका काम कसरी गर्ने भन्नेतर्फ हुनुपर्थ्यो । हाम्रो अन्तराष्ट्रिय सम्बन्धहरु बिग्रिएका छन् । यस्तोमा समान र मैत्री सम्बन्धबाट विश्वका हरेक देशसँग कसरी कूटनैतिक सम्बन्ध दरिलो बनाउने भन्ने कोणबाट छलफल हुनुपर्थ्यो । तर, त्यसो भइरहेको छैन । सत्ताको नेतृत्वकर्ता कसरी सत्ता जोगाउने ? प्रतिपक्षी कसरी सत्ता बदल्ने ? भन्ने खेलमा मात्रै लिप्त छ । जसले मुलुकका सपना ओझेलमा पारेको छ । उत्तर र दक्षिणको छिमेकीलाई सन्तुलित हिसाबले मैत्री सम्बन्ध कायम राख्नुपर्थ्यो । औषधि, उपकरण मात्रै हाइन हरेक वस्तु विदेशबाट आउँछ यहाँ ! कम खाएर भए पनि देशको विकासमा श्रम र समय लगाउने हो भने स्रोतको कमी छैन यहाँ ।

तर, सधैं नयाँ काण्डहरु जन्मने गरेका छन् । देशका एजेन्डामा ओझेलमा पर्ने गरेका छन् । उत्पादनमूलक उद्योग, कलकारखानाहरु कौडीको मोलमा बेचिए, अझै पनि राम्रा संस्थानहरुलाई बिक्री गर्ने सोचमा कमी आएको देखिन्न । सम्पूर्ण राजनैतिक पदहरु अवैतनिक गरिनु पर्छ, पैसा वितरण प्रणालीभन्दा पनि योग्यता, क्षमता, विज्ञता देखाई सिप, रोजगारी सिर्जनाको वातावरण तय हुनुपर्दछ । नयाँ पुस्तालाई शक्ति हस्तान्तरण गरिनुपर्छ, थाइलैण्डले प्रगति गरेको युवा पुस्ताका कारणले हो, सिँगापुर, चीन, मलेसियाले प्रगति गरेको त्यहाँको नेतृत्व गतिलो भएर हो, हामीकहाँ जस्तो विगतको सावाँ व्याजसमेत असूल्ने प्रणाली अन्य देशमा छैन ।

डेनमार्ककी प्रधानमन्त्रीले कार्यालय आवत जावत गर्दा साइकल प्रयोग गरेको, अमेरिकी राष्ट्रपतिले दुई कार्यकाल पूरा गरेपछि फेरि सामान्य जागिर खाई छोरी पढाउन खर्च जोहो गरेको र प्लाष्टिकको कुर्सीमा बसेर सामान्य नागरिकले झैं रेष्टुराँमा खाजा खाने गरेको तस्वीर हाम्रै आँखाले देखेका छौं । हामीकहाँ जस्तो भीक मागेर पालिएको देशका नेतालाई विदेश उपचार गराउन करोडौं रकम देशको ढुकुटीबाट जाने, सुरक्षाकर्मीको लाबालस्कर देखाइदिनु पर्ने, आमरण सुविधा र मरेपछि संस्था खोलिदिएर करोडौंको राज्यको ढुकुटी खर्चिने प्रणाली अन्यत्र छैन । घर हुनेलाई पनि सरकारी महल, सधैं गाडी सुबिधा, महँगा शौचालय र कार्पेट अचम्मको प्रणाली छ हामीकहाँ ! लाख/लाख पर्ने घडी, मोबाइल, पलँग प्रयोग गर्दै आलिशान दरबारमा बस्छन् नेताहरु ! बेलायती महारानीले त्यसो गरिनन्, उनको कत्रो सम्मान छ ।

गरीबको भऱ्याङ चढेर, समाजवादको नारा दिएर सत्तामा पुग्ने अनि तिनै जनतालाई बिर्सेर आम नागरिक रुन्चे हुँदा गरिबीको घाउमा मलम लाइदिन नसक्ने राजनैतिक प्रणाली फेरिनुपर्दछ । जनताको एजेन्डामा काम गर्ने राजनीतिक परिपाटी देशलाई चाहिएको छ । संसद र सरकार बहसहरु देश बनाउने र जनतालाई सन्तुष्ट बनाउने एजेन्डामा हुनुपर्दछ। संविधानमा भएका धेरै प्रावधान कार्यान्वयन हुने अवस्थामा छैनन् । जनताका थुप्रै मौलिक अधिकार अलपत्र छन्। यस्तोमा सरकार र संसद जनतालाई अधिकार सम्पन्न गराउने एजेन्डा छलफल गर्नुपर्दछ। त्यस्तो सरकार र संसदको कल्पना जनताले गरेका छन्। तर, बिडम्बना त्यस्तो भइरहेको छैन ।

## सामाजिक सञ्जाल



- सुर्यराज आचार्य

वित्तीय र मौद्रिक नीति दुवै पक्षमा सुधारको जरूरी देखिन्छ । केन्द्रिय बैंकको स्वायत्तता महत्वपूर्ण हुन्छ । तर, मौद्रिक नीतिको स्वायत्तताको अभ्यास हचुवा निचोडमा हैन, वस्तुगत विश्लेषणमा आधारित हुनुपर्दछ । केन्द्रीय बैंकको हालको मौद्रिक नीति अनावश्यक तहको कसिलो जस्तो देखिन्छ ।



- नवराज पन्त

कर नतिर्ने साइकलवाला व्यापारी भएको देश नेपाल र भारत मात्र हो । यस्ता व्यापारीले एकै दिनमा पाँच पटकसम्म सामान बेचेको भेटिन्छ। वार्षिक बिक्रि एक करोड रुपैयाँभन्दा बढी भएका धेरै छन्। साइकलवाला व्यापारीलाई निषेध गर्दा फलफुल पसलेबाट कर असुली बढ्न सक्छ। राष्ट्र सिस्टममा चल्छ ।



- शिरोमणी ढुंगाना

विदेशी निकायहरुले समेत चासो राखेकोले भुटानी शरणार्थी प्रकरणको छानबीन यहाँसम्म पुग्यो। देशभित्र त लुटतन्त्रले जरो गाडेको छ। होइन भने बालगृहको जग्गा अपचलनमा को दोषी भन्ने छानबीन भइसक्थ्यो । चाँदबाग स्कुल, बालुवाटार जग्गा, यति, ओम्नी, सुनकाण्ड जस्ता चर्चित प्रकरणमा मिलोमतो भइरहेकै छ ।



- बबिता बस्नेत

भूँइचालो गयो, कोभीडले तहसनहस बनायो, आँखै अगाडी मुलुकमा धेरै कुरा भए । यति ठूलो छटपटि र अपमानित महशुस कहिल्यै भएको थिएन जति अहिले अन्तर्राष्ट्रिय मिडियामा 'संगठित भ्रष्टाचार कसरी हुन्छ भन्ने कुराको उदाहरण नेपाल बनेको छ' भन्ने मुख्य समाचारहरु सुनेर, हेरेर भएको छ। के गर्न सकिन्छ र ?

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | धेरै भरोसा गर्नु हुँदैन। अज्ञात भय त्रास सिर्जना हुनसक्छ। |
| वृष | : | वाहन चलाउँदा सावधानी राख्नुहोला। नाता गोतामा विवादको योग छ। |
| मिथुन | : | मुकद्मा सम्बन्धी समस्याको योग छ। शैक्षिक कार्यमा प्रगति हुनेछ। |
| कर्कट | : | साथीभाइबीच सुमधुर सम्बन्ध रहनेछ। विदेश यात्राको योग छ। |
| सिंह | : | सरकारी कार्यमा प्रगति हुनेछ । तर, सामान चोरिने सम्भावना छ। |
| कन्या | : | धन लेनदेनमा सावधानी राख्नुहोला। स्वास्थ्यमाथि ध्यान दिनुपर्छ। |
| तुला | : | राजनैतिक सहयोग प्राप्त हुनेछ। आत्मविश्वासमा वृद्धि हुनेछ। |
| वृश्चिक | : | पारिवारिक खर्च धेरै हुनेछ। रुकावटपछि सफलता मिल्नेछ। |
| धनु | : | भाग्य राम्रो हुनेछ। पारिवारिक जीवन सुखमय रहन्छ। |
| मकर | : | अनावश्यक खर्च हुने योग छ। विवादबाट जोगिनु होला। |
| कुम्भ | : | महत्वपूर्ण भेटघाट हुनेछ । खर्चमाथि नियन्त्रण राख्नु होला। |
| मीन | : | जोखिम भएको कार्यमा धन लगाउन हुँदैन। अनावश्यक खर्च हुनेछ। |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बाल विकास र बाल मनोविज्ञान

ब्लग



● डा. नाज परवीन

भनिन्छ, स्वस्थ शरीरमा स्वस्थ मनको निर्माण हुन्छ र मनोविज्ञानले मानव मनसँग गहिरो सम्बन्ध स्थापित गर्छ। बालबालिकाको उत्कृष्ट विकासका लागि उनीहरुको बाल मनलाई बुझ्नु त्यति नै महत्वपूर्ण छ, जति समाजको लागि उनीहरुको 'विकास' । कुनै पनि देश-समाजको निर्माण बलियो हातमा भयो भने अवश्य पनि त्यो समाज र देशले प्रगतिका नयाँ आयामहरू छुन्छन्। बालबालिकाको समग्र विकासका लागि उनीहरुको मनोविज्ञान बुझ्नुपर्छ ।

इङ्ल्यान्डको हैडो संस्थाको प्रतिवेदनअनुसार एघार-बाह्र वर्षको उमेरमा बालबालिकाको स्नायुमा ज्वार उठ्न थाल्छ, त्यसलाई किशोरावस्था भनिन्छ। यो ज्वारभाटाको समयलाई सदुपयोग गरी त्यसको शक्ति र प्रवाहका साथ नयाँ यात्रा प्रारम्भ गरियो भने बालबालिकाको सर्वाङ्गीण विकास र सफलता प्राप्त गर्न सकिन्छ ।

बच्चाहरूको विकास र सिक्ने प्रक्रिया उनीहरूको जन्मदेखि नै सुरु हुन्छ। उमेरमा सानै भए पनि सिक्ने क्षमता ठूलाको भन्दा बालबालिकाको धेरै हुन्छ । तिनीहरू प्रायः व्यवहार हेरेर सिक्छन्। बिस्तारै अरुले गरेको कुरा आफ्नो व्यवहार परिणत गर्दछन् । यदि हामी सभ्य समाज निर्माण गर्न चाहन्छौं भने हाम्रा बालबालिकालाई उचित शिक्षा दिनु र व्यवहार प्रदर्शन गर्नु अति आवश्यक छ । बालबालिकाको मानसिक स्वास्थ्यलाई सुदृढ बनाएर उनीहरुको चौतर्फी विकासको थालनी गरियो भने यो उनीहरुको सफल भविष्यको आधारशिला बन्न सक्छ ।

सर्वेक्षणअनुसार प्रायः मानसिकरुपमा अस्वस्थ बालबालिकाहरु बाल्यकालमा अभिभावकले बेवास्ता गरेका वा कुनै न कुनै कारणले पीडित हुने गरेको देखिएको छ । सायद यही कारणले भनिन्छ कि पारिवारिक वातावरणले बालबालिकाको मानसिक स्वास्थ्यमा ठूलो प्रभाव पार्दछ । आधुनिक परिवारमा प्रायः आमाबुवा दुवै काम गर्ने हुन्छन्, यस्तो अवस्थामा बच्चाहरूको जिम्मेवारी प्रायः घरका अन्य सदस्यहरुमाथि पर्छ । जुन कहिलेकाहीँ बच्चाहरूको जीवनको लागि समस्या बन्नसक्छ। बालबालिकालाई यातना दिने धेरै हृदयविदारक भिडियोहरु सामाजिक सञ्जालमा देख्न सकिन्छ। यस्ता घटनाले समाजको डरलाग्दो चित्र प्रस्तुत गर्छ । बालबालिकाको मानसिक स्वास्थ्यमा यी घटनाहरुले कहिलेकाहीँ लामो समयसम्म गहिरो प्रभाव छोड्छन् ।

बालबालिका हुर्कदै जाँदा उनीहरुको मानसिक स्वास्थ्यको ख्याल गर्नु निकै महत्वपूर्ण हुन्छ । आमाबाबुले तिनीहरूलाई बुझ्नु धेरै महत्वपूर्ण हुन्छ। हरेक बालबालिकामा कुनै न कुनै विशेष गुण हुन्छन्, कतिपय बालबालिकाले पढाइमा राम्रै गर्छन् र कतिपयलाई पढाइमा मन लगाउँदैनन्, उनीहरूले अरू केही गर्नसक्छन्, त्यसमा हामीले उनीहरूमाथि अंकको दबाब दिन्छौं, जुन पटक्कै उचित होइन । बालबालिकाको पढाइसँग सम्बन्धित समस्या, शारीरिक तथा मानसिक समस्या, एक्लोपन, एकाग्रताको कमी, अहिले सामाजिक सञ्जाल र मोबाइलको अत्याधिक प्रयोगले पनि धेरै प्रकारका समस्याको सामना गर्नुपर्ने देखिन्छ । भनिन्छ बाल्यकालको सबैभन्दा कठिन अवस्था किशोरावस्था हो, जसमा बालबालिकाले सबैभन्दा बढी मानसिक असन्तुलनको सामना गर्नुपर्ने हुन्छ । यस्तोमा बालबालिकालाई यान्त्रिक दौडबाट बाहिर निकालेर प्रकृतिसँग मेलमिलापमा बाँच्न सिकाउने हाम्रो प्रयास रहनुपर्छ। ताकि तिनीहरूको पूर्ण विकास होस्। पछिल्लो समय, बाल्यकालदेखि नै बढ्दो तनावले बालबालिकाहरूलाई मानसिक रूपमा कमजोर बनाउँदै लगेको छ, जसलाई बुझ्न जरुरी छ।

कोरोनाको समयमा स्कुल कलेज बन्द हुँदा अधिकांश बालबालिकाको समय घरमै व्यतित भयो । जुन समयले उनीहरुको मनोविज्ञानमा निकै प्रभाव पारेको देखिन्छ । बदलिँदो जीवनशैलीमा बालबालिकाले धेरै मानसिक समस्याको सामना गरिरहेका छन्। त्यस्तो अवस्थामा धेरै बच्चाहरूलाई मनोचिकित्सकको आवश्यकता पर्न सक्दछ । ताकि उनीहरूले आफ्ना समस्याहरूको समाधान पाउन सकून् ।

बढ्दो प्रतिस्पर्धाका कारण प्रायः बालबालिकाहरु सामाजिक जीवनबाट टाढा जान थालेका छन् । जीवनका उतारचढावलाई पार गर्ने शक्ति उनीहरुमा निरन्तर घट्दै गएको छ । यस्ता बालबालिकालाई जीवनमा पढाइबाहेक अन्य कुराका लागि पनि ठाउँ चाहिन्छ, जुन अभिभावकले बुझ्नु अत्यन्त जरुरी छ।

विद्यालय र परिवार सामाजिक एकाइहरू हुन्, जुन प्रत्येक व्यक्तिको स्वास्थ्य र कल्याणसँग प्रत्यक्षरूपमा सम्बन्धित छन् । विद्यालयहरूको मुख्य जिम्मेवारी भनेको विद्यार्थीहरूको समग्र विकास हो, जसले गर्दा उनीहरूले जीवनका कठिन परिस्थितिहरूमा पनि समाधान खोज्न सकून्। अहिले हाम्रा विद्यालय र कलेजहरूमा मनोवैज्ञानिकहरूको ठूलो आवश्यकता छ । शिक्षा स्वस्थ जीवनको आधार हो । विद्यार्थीहरूको राम्रो प्रदर्शनको लागि, उनीहरूको मानसिक स्वास्थ्य स्वस्थ राख्नु धेरै महत्वपूर्ण छ ।

तर, बिडम्बना के छ भने हाम्रो समाजमा मानसिक स्वास्थ्यसम्बन्धी पीडितको संख्या निरन्तर बढ्दै गए पनि मानसिक स्वास्थ्यको विषयलाई उपेक्षा गरिएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार किशोर किशोरीहरूमा आत्महत्याको दर विश्वव्यापीरूपमा सबैभन्दा उच्च छ । भावनात्मक तनाव र अन्य चिन्ताहरू पनि अधिकांश शारीरिक रोगहरूको कारण हुन् । यी समस्याहरूको ठोस समाधान सही समयमा पत्ता लगाइयो भने धेरै खतराहरूबाट बच्न सकिन्छ ।

*अमर उज्यालाबाट*

# युक्रेनका लागि हतियार आपूर्ति गर्न आग्रह

**काठमाडौं/एजेन्सी–** युरोपेली संघ (ईयू) का विदेश नीति प्रमुख जोसेप बोरेलले रूसी आक्रमणको प्रतिकार गर्न युक्रेनलाई लामो दूरीका हतियार उपलब्ध गराउन युरोपेली राष्ट्रहरूलाई आह्वान गरेका छन् ।

'रूसीहरूले टाढाबाट बम बारी गरिरहेका छन्, त्यसैले युक्रेनीहरूसँग उही दूरी, उही दायरामा पुग्न सक्ने क्षमता हुनुपर्दछ,' युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबासँग स्टकहोममा भएको भेटपछि बोरेलले भने ।



जर्मनीले युक्रेनका लागि दुई अर्ब ७० करोड युरो (दुई अर्ब ९५ करोड अमेरिकी डलर) बराबरको नयाँ हतियार प्याकेज घोषणा गरेसँगै उनले भने, 'तर हामीले गति लिनुपर्छ । म जर्मनीको प्रयासको स्वागत गर्दछु र सबै सदस्य राष्ट्रहरूलाई यस उदाहरणलाई अनुसरण गर्न आमन्त्रण गर्दछु ।'

बिहीबार बेलायतले युक्रेनमा आफ्नो स्टॉर्म स्याडो क्षेप्यास्त्र पठाउने घोषणा गरेको थियो र कीभलाई लामो दूरीका हतियार उपलब्ध गराउने पहिलो देश बनेको थियो ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पूर्वी युक्रेनमा रूसी सेनाविरुद्ध व्यापक रूपमा अपेक्षित प्रतिआक्रमण अघि पश्चिमी मित्रराष्ट्रहरूलाई थप उन्नत हतियार उपलब्ध गराउन आग्रह गर्दै आएका छन् ।

'प्रतिआक्रमण कहिले सुरु हुन्छ भनेर सोध्नुको सट्टामा के युक्रेनी प्रति-आक्रमण सुरु गर्न र सफल बनाउन आफुले पर्याप्त सहयोग गरेको छु भन्ने सोच्नु अनिवार्य भएको छ,' कुलेबाले बोरेलसँगको पत्रकार सम्मेलनमा भनेका थिए ।

'ईयूका विदेशमन्त्रीहरूसँग आज मेरो कुराकानीको मुख्य विषय लामो दूरीको तोपखाना गोलाबारुद र छोटो दूरीको प्रवेश वार्ता हुनेछ,' कुलेबाले भने ।

जेलेन्स्कीले फेब्रुअरी २०२२ मा रूसले युक्रेनविरूद्ध आक्रमण थालेपछि युक्रेनका लागि ईयू सदस्यताका लागि औपचारिक वार्ताको प्रक्रियालाई तीव्रता दिन खोजिरहेका छन् ।

# म्यान्मार र बंगलादेशमा आँधीले जनजीवन प्रभावित

**काठमाडौं/एजेन्सी–** बंगालको खाडीमा एक दशकभन्दा लामो समयदेखिको सबैभन्दा शक्तिशाली चक्रवातका कारण म्यानमारको पश्चिमी तटबाट हजारौं मानिस भागेका छन् भने छिमेकी देश बंगलादेशका अधिकारीहरू शनिबार रोहिंग्या शरणार्थीलाई बाहिर निकाल्न दौडेका छन् ।

भारतको मौसम विज्ञान विभागका अनुसार 'मोचा' नाम दिइएको चक्रवातले २२० किलोमिटर प्रतिघण्टा (१३६ माइल प्रतिघण्टा) को गतिमा हावा चलिरहेको बताइएको छ ।

करिब १० लाख रोहिङ्ग्या शरणार्थीहरू बस्ने कमजोर आश्रयस्थल कोक्स बजार र म्यान्मारको पश्चिमी रखाइन तटमा रहेको सिट्वेको बीचमा आइतबार बिहान आँधी कमजोर हुने अनुमान गरिएको छ ।

एएफपीका संवाददाताका अनुसार शनिबार सिट्वेका बासिन्दाले कार, ट्रक र तीन पाङ्ग्रे (टेम्पो)मा आफ्नो सम्पत्ति र घरपालुवा जनावर जम्मा गरी सुरक्षित स्थलतर्फ हिंडेका छन् ।

'हाम्रो परिवारमा हजुरआमा हुनुहुन्छ र हामीले उहाँको हेरचाह गर्नुपर्छ,' खिने मिनले राज्यको राजधानीबाट बाहिरिने बाटोमा आफ्ना नातेदारहरूले भरिएको ट्रकबाट एएफपीलाई बताए, 'हाम्रो घरको हेरचाह गर्न सिट्वेमा एक जना मात्र मानिस बाँकी छन् ।'

करिब एक लाख ५० हजार मानिसहरूको बसोबास रहेको यस शहरमा पसल र बजारहरू बन्द गरिएका थिए र धैरै स्थानीयहरू अग्ला स्थानमा रहेका गुम्बाहरूमा आश्रय लिएका थिए ।


कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**प्रदेश अस्पताल**
वीरेन्द्रनगर, सुर्खेत

**प्राविधिक प्रस्ताव स्वीकृती तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०८०/०१/३१)

अस्पतालबाट मिति २०७९/१२/०८ गते (22 March 2023) हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित बिद्युतीय बोलपत्र आव्हानको सूचना अनुसार तोकिएको अन्तिम मिति र समय भित्र **www.bolpatra.gov.np/egp** मार्फत पेश भएका बिद्युतीय बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम ५ बमोजिम तपशिलको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोल्ने गरी प्राविधिक प्रस्ताव स्वीकृतिको लागि छनोट भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | IFB No., Description of Work | Name of Substantially Responsive Bidder. | Bid Opening Date, Time & Venue. | Remarks |
|---|---|---|---|---|
| 1 | PH/Karnali/NCB- 25/079-80, Procurement of C-Arm with Flat Panel Detector. | National Electrotech Pvt. Ltd. New Baneshwor, Kathmandu. | Date: 2080/02/07 Time:12:00 Hrs. Venue: Province Hospital, Surkhet | |

अस्पताल निर्देशक



Karnali Province Government
**Ministry of Social Development**
## Province Hospital
Birendranagar, Surkhet, Nepal

## Invitation for Electronic Bids

**IFB No. PH/Karnali/ICB-32/079-80, Supply, Installation & Commissioning of Bi-Plane Cath Lab.**
**First Date of Publication: 14 May 2023 (2080/01/31 BS)**

1. Karnali Province Hospital, Surkhet invites electronic bids from eligible bidders for Supply, Installation & Commissioning of Bi-Plane Cath Lab to be delivered at the Karnali Province Hospital, Surkhet under international competitive bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from the Karnali Province Hospital, Surkhet on GoN official working days from the date of IFB publication between office hours or, may visit e-GP system: https://bolpatra.gov.np/egp.
3. A complete set of bidding documents is available online and may download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NPR 10,000.00 in the following Rajaswa (revenue) account as specified below:
   **Name of the Bank** : **Rastriya Banijya Bank, Birendranagar Surkhet.**
   **Name of the Office** : **Province Hospital, Karnali Province, Surkhet**
   **Office Code No.** : **3500268036**
   **Office Account No.** : **1000100201010006**
   **Revenue Head No.** : **14229**
4. A Pre-Bid meeting is organized on 9 June 2023 (2080/02/26 BS) at 13.00 hours at Province Hospital, Surkhet, interested bidder may participate on the meeting.
5. Electronic Bids must be submitted to the Karnali Province Hospital, Surkhet through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before 12:00 Hour of 28 June 2023 (2080/03/13 BS). Bids received after this deadline will be rejected.
6. The bids shall be opened in the presence of Bidders' representatives who choose to attend at 13:30 Hours on 28 June 2023 (2080/03/13 BS) at the office of Karnali Province Hospital, Surkhet. Bids must be valid for a period of 120 days counting from the date of bid opening and must be accompanied by a bid security amounting to a minimum of NPR 29,30,000.00 which shall be valid for 30 days beyond the validity period of the bid. (Bid Security in the form of cash, the cash should be deposited in Account No: 4080100202030000. Account Name: Pradesh Lekha Niyantrak Karyalay, Karnali Province, Surkhet in Rastriya Banijya Bank, Birendranagar, Surkhet, Nepal.)
7. If the last date of submission and opening falls on a government holiday, then the next working day shall be considered as the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission unless amended by a notice.
8. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the Province Hospital reserve the right to amend and correct at any time.

**Dr. Damber Khadka**
**Hospital Director.**



## Kuwait मा वैदेशिक रोजगारको अवसर

कम्पनी: **CONSTRUCTION CITIES GENERAL TRADING & CONTRACTING COMPANY GROUP W.L.L. HAVING SITER COMPANIES**
पूर्व स्वीकृत मितिः २०८०/०१/२९ चलानी नं.: ६०२०१३३५ LT. No.: 285847 शहर: KUWAIT

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administrative Assistant / Customer Service | 0 | 5 | सम्बन्धित काममा दक्ष | 200 | ८५,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrical Technician / Electrician | 5 | 0 | | 160 | ६८,३९० | | | | | | | |
| 3. | Forklift Operator / Forklift Driver | 5 | 0 | | 120 | ५१,२९२ | | | | | | | |
| 4. | Heavy Driver /Driver | 5 | 0 | | 180 | ७६,९३९ | | | | | | | |
| 5. | Indoor Helpers/assistant/ Labors/cleaners | 12 | 0 | | 85 | ३६,३३२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ७ गते (21 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AARAV GLOBAL RECRUITMENT PVT. LTD.
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
**एकताटोल, सिनामंगल, काठमाडौं**
(Opposite Hyundai Service Center)
फोनः ०१-४५९२९०५, ०१-४५९२९०६
मो. ९८०२३२३१९५, ९८०२३२३१९६, ९८०२३२३१९७, ९८०२३२३१९८,९८०२३२३१९९
Email: hiringagr@gmail.com Aaravglobal.recruitment



## शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी

१. कम्पनीः **ALWA'AD FOR RECRUITING DOMESTIC WORKERS** शहरः **AMMAN**
पूर्व स्वीकृत मितिः २०७९/०४/३० चलानी नं.: ६०१८५४२५ LT. No.: 269662 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/housemaid | 0 | 42 | स. काममा दक्ष | 300 | ३९,२६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ७ गते (21 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

**नोट : भाषा तथा घरायसी काम सम्बन्धी १ (एक) महिने तालिम अनिबार्य लिनु पर्ने । खाना, बस्न सहित तालिम निःशुल्क हुने र शुन्य लागत (Zero cost) मा जान पाईने ।**

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।**

**EARTH VISION MANPOWER SERVICES PVT. LTD.**
Jaya Bageshwari, Kathmandu, Nepal, Tel.: 4481192
E-mail: earthvision2016@gmail.com
Govt. Lic. No. 749/064/065



## मलेसियामा रोजगार |

कम्पनी : **RESTORAN FEI POR**
शहरः **Malaysia, Kuala Lumpur**
पुर्व स्वीकृत मितिः २०८०/०१/२९ चलानी नं.: ६०२०१३४४ L.T. No.: 285922

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 10 | 0 | स. काममा दक्ष | 1500 | ४४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ७ गते (21 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fair Connect Resource Pvt. Ltd.**
श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Basundhara-3, Kathmandu Nepal, Tel :- 00977-1-5905737
Email :- agencyfcr@gmail.com



## साउदीमा रोजगार |

कम्पनी :BAREZ JANOUB OPERATION & MAINTENANCE COMPANY
शहर :BURAIDAH
पूर्व स्वीकृत मितिः २०७९/१२/२३ चलानी नं.: ६०१९९७३६ L.T. No.: 284203 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी :VOGA CAR WASH SERICES शहर :Riyadh
पूर्व स्वीकृत मितिः २०७९/१२/२३ चलानी नं.: ६०१९९७३७ L.T. No.: 284202 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mobile Vehicle Washing Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : **BABAT TRIBAH FUEL STATION** शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०७९/१२/२२ चलानी नं.: ६०१९९४९० L.T. No.: 284123 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Liquid Fuel Station Seller | 3 | 0 | स. काममा दक्ष | 1300 | ४५,४२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४.कम्पनी : **BAREZ JANOUB OPERATION & MAINTENANCE COMPANY** शहर : Buraidah
पूर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६८३१ L.T. No.: 281396 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Labour | 50 | 0 | स. काममा दक्ष | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : **BAREZ JANOUB OPERATION & MAINTENANCE COMPANY** शहर : Buraidah
पूर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६८३३ L.T. No.: 281397 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी : **SASCO PALM COMPANY** शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०९/३० चलानी नं.: ६०१७२७६५ L.T. No.: 256258 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 67 | 0 | स. काममा दक्ष | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी : **AL RIYADH TRADING EST.** शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८०/०१/२९ चलानी नं.: ६०२०१३४७ L.T. No.: 285919

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 1 | 0 | स. काममा दक्ष | 2000 | ६९,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

८. कम्पनी : **BAREZ JANOUB OPERATION & MAINTENANCE COMPANY** शहर : Buraidah
पूर्व स्वीकृत मितिः २०७९/१२/२३ चलानी नं.: ६०१९९७३५ L.T. No.: 284204 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ७ गते (21 May 2023) मा हुनेछ ।**


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com
Gov. Lic No. 1399/074/075

मध्यान्ह
www.madhyanhadaily.com
३१ वैशाख २०८०, आइतबार
14 May 2023, Sunday

# बक्स अफिस समाचार



एक दशकदेखि नेपाली गीतसंगीतमा अनवरतरुपमा लागिरहेका गायक हुन् निमा पाख्रिन लामा । नेपाली, तामाङ सेलो तथा विभिन्न भाषाभाषीका गीतमा स्वर भर्दै आएका गायक लामाको नागरिकताको नाम भने दिलबहादुर तामाङ रहेको छ । नेपाली तथा विदेशी सेलिब्रेटीले आफ्नो नाम र नागरिकताको नाम फरक-फरक राख्ने गरेका छन् । सोही कारण निमाले पनि नागरिकता र बोलाउने नाम फरक राखेका छन् । सिन्धुपाल्चोक जिल्लामा जन्मिएका लामाले केही गीतको भिडियोहरुमा समेत अभिनय गरिसकेका छन् । 'मेरो सम्झनामा तिमी', 'आउ आउ कान्छी', 'तुम्बाको तातो पानी', 'माथि माथि', 'देखेको अजै'लगायतका सेलो तथा नेपाली भाषाका गीतहरुमा उनले स्वर भरेका छन् । उनै गायक **निमा लामा पाख्रिन**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

## 'गीतसंगीतमार्फत स्रोता तथा दर्शकमाझ छाइरहने चाहना छ'

**निमा पाख्रिन लामा**, गायक

**केमा व्यस्त हुनुहुन्छ आजभोलि ?**

यही गीतसंगीतमै व्यस्त रहेको छु। एउटा 'हिमाली खरका' बोलको गीत केही दिनअघि मात्रै रिलिज गरेको छु। यसैको प्रमोसनमा पनि व्यस्त छु । यो बाहेक संगीतको काम पनि जारी रहेको छ ।

**गीतसंगीतमा लाग्नु भएको कति भयो ?**

गीत गाउन शुरु गरेको त सानैबाट नै हो । तर औपचारिकरुपमा गीति एल्बम निकालेर चाहिँ एक दशक जति भयो । 'मेरो सम्झनामा तिमी' बोलको गीत निकालेर मैले गायनमा प्रवेश गरेको हो । त्यसपछि एक-एक गरी गीत निकाल्न थालें, त्यसपछि चर्चा पनि पाएको थियो ।

**आफ्नो गीतहरु चर्चामा आउँदा कस्तो महसुस गर्नुभयो ?**

धेरै खुसी भएँ । रेडियो टेलिभिजनबाट गीतहरु बजिरहँदा साथीभाइहरुले पनि तिम्रो गीत रेडियोमा बजिरहेको थियो, मैले सुनेको थिएँ भन्दा आफू पनि गायक भएछु भन्ने आभास हुने रहेछ । मेरो खुसीको सिमा नै थिएन । त्यति खुसी भएँ ।

**संगीत सिकेर यस क्षेत्रमा आउनुभयो कि त्यतिकै गीत त हो गाइहाल्छु भनेर आउनुभयो ?**

म सिकेर नै यो क्षेत्रमा आएको हुँ । सिन्धुपाल्चोकबाट काठमाडौं आएपछि काम गर्दै संगीत सिकें । त्यसपछि नै मैले गीत निकालेको हो । अहिले पनि सिकिरहेको छु ।

**संगीत सिक्न कतिको जरुरी छ ?**

संगीत सिक्नु त महत्वपुर्ण हो । साधना बिना त के हुन्छ र होइन । त्यस कारण म भन्छु संगीत नसिकेको मान्छे छिट्टै चर्चामा आउँछन् र छिट्टै हराउँछन् । तर सिकेर आएको मान्छे सदावहार हुन्छन् । त्यस कारण पनि संगीत सिक्नु राम्रो हो ।

**संगीत भनेको के रहेछ ?**

संगीत भनेको साधाना हो । जसले हरेक मान्छेलाई संगीतको माध्यमबाट आनन्द प्राप्त हुन्छ । संगीत सुनेपछि हरेक दुःख पीर भुलिन्छ । यो हरेक मान्छेको सुख दुःखको साथी हो भन्ने लाग्छ ।

**गायनमा आउने रुची कसरी भयो ?**

मैले थाहा पाउँदा रेडियोहरुको चर्चा थियो । रेडियो किनेर गीत बजाउने चलन खुब थियो । रेडियोमा गीतहरु बज्दा ध्यान दिएर सुन्थें । रेडियोमा बजेका हरेक गीतहरु सुनेर म पनि त्यो गीतकै भाकाहरु गुनगुनाउन थाल्थें । रेडियोमा बजेका हरेक गीतहरु मलाई कण्ठस्थ हुन्थ्यो । स्कुलमा हुने गायन प्रतियोगितामा भाग लिने र गीत गाउने गर्थें । यो समयमा मलाई साथीभाइ र अग्रज गुरुहरुबाट हौसला मिल्यो । त्यसैका कारण पनि अहिले यो स्थानमा छु ।

**गायक बन्छु भन्ने आफैंलाई लागेर बन्नुभयो कि घरपरिवारको सपोर्टमा ?**

शुरु शुरुमा मलाई घरबाट गीतसंगीतमा लाग्नका लागि कुनै सपोर्ट नै थिएन । मेरो आफ्नै कमाइबाट गीत निकालेको हो । भिडियो बनाएको हो । पछिल्लो समय मैले चर्चा पाउन थालेपछि मलाई घरबाट सपोर्ट मिल्न थाल्यो ।

**बुवा आमाले के भन्नु हुन्थ्यो ? छोरो गीतसंगीतमा लागेर बिग्रियो कमाएन भन्ने गर्नुहुन्थ्यो र ?**

त्यस्तो त केही भन्नु हुँदैन थियो । छोरा के गर्छ आफ्नो खुसी गरोस् भन्नुहुन्थ्यो होला सायद । तर मेरो गीतसंगीतले राम्रो चर्चा पाउँदा खुसी ङ्हहुनुहुन्थ्यो । म सानो छँदै बुवा बित्नुभयो, अहिले त बुवा आमा नै हुनुहुन्न । हामी तीन दाजुभाइ र तीन दिदीबहिनी हो । त्यसमा पनि म कान्छो, अहिले हामी तीन जना छुट्टिसकेका छौं । मलाई मेरो श्रीमतीले सपोर्ट गर्न थालेकी छन् ।

**तपाईंको श्रीमती पनि म्युजिक लाइनकै हुनुहुन्छ कि अरु क्षेत्रको ?**

उनी अरु क्षेत्रकै हुन् । म मात्रै हो म्युजिकको त । उनको अरु नै क्षेत्र भए पनि पछिल्लो समय मलाई गायनमा सपोर्ट गरिरहेकी छिन् । मेरा लागि यही नै खुसी हो । श्रीमतीले साथ नदिने हो भने गीतसंगीत स्रोतामाझ ल्याउन त निकै कठिन हुन्छ नि । हरेक सरसल्लाहमा नै गीतहरु रेकर्ड गर्ने गरेको छु ।

**झण्डै म्युजिक लाइनमा नै एक दशक बिताइसक्नुभएको छ । यसबाट के पाइँदो रहेछ ?**

आफ्नो मन मस्तिष्कबाटै लागेको गीतसंगीतले राम्रो चर्चा कमाउँदा धेरै खुसी लाग्छ । यसमा लागेर मानसम्मान पाइने रहेछ । अन्य मान्छेभन्दा फरक किसिमले मान्छेको हेर्ने नजर हुने रहेछ । साथीभाइहरुले पनि अलिक इज्जत राखेर नै बोलाउँदा रहेछन् । खासमा यस्तै माया पाइँदो रहेछ । मैले गीतसंगीतमा लागेर यस्तै फिल गरें । विभिन्न कार्यक्रमहरुमा बोलाउने गरेका छन् । त्यहाँ जाँदाको त्यो मानसम्मानले आफूलाई थप गायनमा लाग्न उर्जा मिल्दो रहेछ ।

**विशेषगरी कहाँ-कहाँ कार्यक्रम गर्नुभयो ?**

मैले प्रायः जसो तामाङ समुदायको सेलो गीत गाउने गरेको छु । नेपालका विभिन्न स्थानमा हुने कार्यक्रममा बोलाउनुहुन्छ । मैले अहिलेसम्म देशको थुप्रै ठाउँका महोत्सवहरुमा गाउने मौका पाएको छु । विदेशमा पनि समय मिलाएर जाने गर्छु । प्रायः नेपालमै ब्यस्त हुन्छु, मेला महत्सव र रेकोर्डिङमा ।

**भिडियोमा पनि आफैं अभिनय गर्नुभएको छ । खासमा अभिनयमा पनि तपाईंको रुची हो कि अरु गायकले जस्तै अभिनय गरौं न भनेर हो ?**

यसलाई रहरै भनौं न । सबैमा अभिनय गरेको छैन । कुनै कुनै भिडियोमा आफू पनि अभिनय गरौं न भनेर हो । गीतसँगसँगै दर्शकको माग पनि थियो मेरो नै अभिनय हेर्ने, त्यसैले मैले अभिनय गरेको हो । तर व्यावसायिकरुपमा भने मैले अभिनय गरेको होइन ।

**यतिका गीतसंगीत स्रोतामाझ लिएर आइसक्नुभएको छ । अवार्डहरु पनि प्राप्त गर्नुभयो कि छैन ?**

मैले सन् २०२२ मा झमबुलिङ इन्टरनेशनल अवार्डमा 'ओइ साइली'बाट पब्लिक च्वाइज अवार्ड प्राप्त गरेको थिएँ । यही गीतबाट राप्ती रारा राष्ट्रिय म्युजिक अवार्डमा निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको हातबाट जुरी अवार्ड पाएँ । साथै यही अवार्डमा अर्को गीत 'देखेको आजै भेटेको आजैबाट' भाषाभाषिक बेष्ट अवार्ड जित्न सफल भएको थिएँ । मैले थुप्रै अवार्डहरु प्राप्त गरिसकेको छु । पछिल्लो समय चाहिँ ज्योति फिल्मस् म्युजिक अवार्डमा तामाङ सेलो गीत 'आउ आउ कान्छी' बाट बेष्ट तामाङ सेलो गायकको उपाधि जितें ।

**यति धेरै प्रगति गर्नुभएको छ । अबको योजना के छ ?**

यही गीतसंगीतमार्फत स्रोता तथा दर्शकमाझ छाइरहने चाहना छ । यो बाहेक अर्को कुनै सोच मैले राखेको छैन । अर्को सोच राखें भने पछि कुनै दिन भनौंला नि ।






# पोखरामा 'हल्कारा' हाउसफुल



**पोखरा/मस–** शुक्रबारदेखि रिलिज भएको चलचित्र 'हल्कारा' हेर्न गाउँ गाउँदेखि दर्शकहरु आउन थालेका छन् । शनिबार सार्वजनिक बिदा पनि भएकाले पोखरामा रहेको क्यूएफक्स हल हाउसफुल भएको छ । हल्कारा फिल्मका अभिनेता महेश त्रिपाठी कास्कीको पोखराका स्थानीय हुन् । झन्डै डेढ दशकअघि गण्डकी प्रदेशको राजधानी पोखराबाट संघीय राजधानी काठमाडौं कलाकार बन्नकै लागि उनी गएका थिए ।

काठमाडौं गएपछि ओस्कार कलेज अफ फिल्म स्टडिजमा अभिनय पढ्न थालेका त्रिपाठी सोही कलेजमा अध्यापक बने । हाल उनी अभिनय विभाग प्रमुख छन् । उनले पहिलो पटक अभिनय गरेको तर रिलिजको हिसाबले तेस्रो बनेको चलचित्र 'हल्कारा'बाट प्रतिष्ठित अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा उत्कृष्ट अभिनेतासमेत बनेपछि उनको चर्चा व्यापक भएको थियो ।

कोभिड-१९ को महामारीले गर्दा केही समय पहिले नै रिलिज हुनुपर्ने यो चलचित्र अहिले बल्ल रिलिज भएपछि दर्शकहरुको प्रतीक्षा पूरा भएको छ । शनिबार पोखराको ट्रेड मलमा रहेको हलमा सयौंको संख्यामा एकसाथ दर्शक आई चलचित्र हेरेका छन् । कास्कीका कास्कीकोट र मालेपाटन ढिकुर पोखरी, फुलबारी, काहुलगायतका गाउँबाट उनीहरु हल्कारा हेर्न बस नै रिजर्भ गरेर पोखरा आएका थिए ।

गत वर्ष ५५औं वर्ल्डफेस्ट ह्युस्टन इन्टरनेशनल फिल्म फेस्टिभल २०२२ मा यो चलचित्रले उत्कृष्ट चलचित्रसँगै महेश त्रिपाठीलाई उत्कृष्ट अभिनेता र चिन्तन राजभण्डारीलाई उत्कृष्ट सिनेमाटोग्राफीको अवार्ड प्राप्त भएको थियो ।

यो चलचित्र कालीपार स्टुडियो निर्माण र आइसफल प्रोडक्सनको सहकार्यमा बनेको हो । हरेक घरको कथा, प्रवासी युवक र उसलाई पर्खेर बस्ने एक नारीको कथा बोल्ने यो चलचित्रले अन्य केही अन्तर्राष्ट्रिय महोत्सवहरुमा समेत सहभागिता जनाएको छ । हल्कारा नेपाल-अमेरिका इन्टरनेशनल फिल्म फेस्टिभल २०२२ मा 'बेस्ट लङ्ग न्यारेटिभ फिल्म' बनेको थियो भने फ्लिकर रोड आइल्याण्ड इन्टरनेशनल फिल्म फेस्टिभल २०२२ मा सेमीफाइनल सम्म पुगेको थियो । त्यस्तै युकेको कार्माथान बे फिल्म फेस्टिभल २०२२ मा अफिसियल सेलेक्सन भएको थियो ।

महेश त्रिपाठी र बिनिता थापामगरको प्रमुख अभिनय गरेको यस चलचित्रका लेखक, निर्देशक तथा सम्पादक विक्रम सापकोटा हुन् । यसमा विप्लव प्रतीक र आकाश बरालले सह-लेखन गरेका छन् । महेश र बिनिताको साथमा शारदा गिरी, रोशनी कार्की, पशुपति राई, उमेश तामाङ, विद्या कार्की, प्रकाश दाहाल, बिष्णुभक्त अधिकारी, दीपक क्षेत्री लगायतको अभिनय रहेको छ । यसमा ब्रुनो भ्यालेन्टीको ओरिजिनल म्युजिक रहेको छ भने प्रोडक्सन साउण्ड ज्योती रानाको रहेको छ । कलरिस्ट लियोनार्डो क्यान्डियन हुन् ।

# बागमती गट ट्यालेन्ट सिङ्गिङ एन्ड डान्सिङ रियालिटी शो हुने

**काठमाडौं/मस–** बालबालिकामा रहेको प्रतिभालाई बाहिर ल्याउन गायन र नृत्यमा प्रतिस्पर्धात्मक रियालिटी शो 'बागमती गट ट्यालेन्ट सिङ्गिङ एन्ड डान्सिङ रियालिटी शो' हुने भएको छ ।

एएनपी मिडिया हाउसका अध्यक्ष लवबहादुर कार्कीले बागमती प्रदेशका गायन तथा नृत्य प्रतिभाका लागि प्रतियोगिताको आयोजना गर्न लागिएको जानकारी दिए ।

'गाउँगाउँका अवसरविहीन गायन र नृत्य प्रतिभालाई मञ्च प्रदान गर्न यो रियालिटी शो आयोजना गर्दैछौं, बालबालिकामा सानैदेखि फरक स्तरको पाइने प्रतिभालाई अवसर र मञ्च पाउनबाट वञ्चित गर्नु हुँदैन,' अध्यक्ष कार्कीले भने, 'बागमती प्रदेशका नौ स्थानमा पुगेर प्रतिभाको खोजी गर्नेछौं, चरणबद्धरुपमा बाँकी छ प्रदेशका प्रतिभाका लागि पनि यसप्रकारको प्रतियोगिता गर्ने योजना छ ।' आठदेखि १३ वर्षसम्मका बालबालिका सहभागी हुन पाउने शोको अडिसन शनिबारदेखि शुरु भएको छ ।




धादिङ, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, मन्थली, सिन्धुली, भक्तपुर र काठमाडौंमा चरणबद्धरुपमा अडिसन गरेर छनोट भएका प्रतियोगीलाई काठमाडौँमा ल्याएर पुनः अडिसन गरिनेछ । त्यहाँबाट छनोट भएका बालबालिका शोमा सहभागी हुनेछन् । यस शोमा गायन र नृत्य विधामा प्रथम हुनेले रु एक लाख, द्वितीय हुनेले रु ३० हजार र तृतीय हुनेले रु २० हजार प्राप्त गर्नेछन् ।

यसको निर्णायकमा अभिनेत्रीद्वय मिथिला शर्मा र गौरी मल्ल, गायकगायिकाद्वय आनन्द कार्की र देविका बन्दना रहेका छन् । 'नयाँ प्रतिभा पाउनेमा विश्वस्त छौं, हामीले इच्छा राखेका बालबालिकाका लागि अवसर प्रदान गर्दैछौं,' अभिनेत्री शर्माले भनिन् ।

# विश्वकप एसिया छनोट नेपालमा हुने



**काठमाडौं/मस-** नेपालले टी-२० विश्वकप छनोटको एसिया क्षेत्रको छनोट प्रतियोगिता आयोजना गर्ने भएको छ। अमेरिका र वेस्ट इन्डिजले सन् २०२४ को जुनमा आयोजना गर्ने टी-ट्वान्टी विश्वकपका लागि अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी) ले नेपाललाई एसिया क्षेत्रको छनोट चरणको प्रतियोगिताको आयोजना अधिकार दिएको हो।

नेपाल क्रिकेट संघ क्यानका अध्यक्ष चतुरबहादुर चन्दका अनुसार नेपालले नोभेम्बरमा काठमाडौंमा टी-२० विश्वकप अन्तर्गत एसिया छनोटको खेल आयोनजा गर्ने छ।

प्रतियोगिता यसैवर्षको नोभेम्बर १ देखि १० तारिखसम्म काठमाडौंको त्रिवि क्रिकेट मैदान र मुलपानी मैदानमा हुने छ। एसियाली छनोटमा नेपालसहित ओमान, हङकङ, यूएई, बहराइन र सिंगापुरले प्रतिस्पर्धा गर्ने पक्का भइसकेको छ भने बाँकी २ टोली छनोट चरण पूरा गरेर आउने छन्। छनोट खेल्ने ८ टिमलाई २ समूहमा विभाजन गरिने छ भने हरेक समूहका शीर्ष २ टोलीले सेमिफाइनलमा स्थान बनाउने छन्। फाइनल पुगेका दुवै टोलीले टी-२० विश्वकपमा स्थान बनाउने छन्।

यसअघि पूर्वाधारका कारण नेपालले यस्ता ठूला प्रतियोगिता आयोजना गर्न पाएको थिएन। हालै भएको एसीसी प्रिमियर कपबाट मूलपानीको माथिल्लो मैदानले पनि अन्तर्राष्ट्रिय मान्यता पाएपछि नेपाललाई प्रतियोगिता आयोजना गर्ने बाटो खुलेको क्यानका अध्यक्ष चन्दले बताए। एसिसीले मूलपानी मैदानको स्तरोन्नती भएको देखेरै प्रतियोगिता आयोजना गर्न दिएको बताउँदै अब छिटै आइसीसीको टोली पनि अनुगमन गर्ने अध्यक्ष चन्दले बताए।

# आर्मीलाई उपाधि



**तानसेन/मस-** राष्ट्रिय पुरुष विच भलिबल प्रतियोगिताको उपाधि त्रिभुवन आर्मी क्लबले जितेको छ।

पाल्पाको रानीमहलमा शनिबार सम्पन्न खेलमा नेपाल पुलिस क्लबलाई पराजित गर्दै आर्मीले उपाधि उचालेको हो।

आर्मीको दिल सुनार र दुर्गाप्रसाद महतोको जोडीले पुलिसको इमबहादुर राना र चन्द्रबहादुर कुँवरको जोडीलाई २१-१९ र २१-१५ को सोझो सेटमा हरायो। उपाधिसहित आर्मीले एक लाख ५० हजार रुपैयाँ प्राप्त गर्‍यो। उपविजेता बनेको पुलिसले एक लाख रुपैयाँमा चित्त बुझायो।

अर्को विभागीय टिम सशस्त्र प्रहरी बल एपीएफको टिमले कर्णाली प्रदेशलाई २१-१८ र २१-१७ को सोझो सेटमा हराउँदै तेस्रो बन्यो।

एपीएफले ५० हजार र कर्णालीले २५ हजार रुपैयाँ प्राप्त गर्‍यो। आर्मीलाई उपाधि जिताउन महत्वपुर्ण भुमिका खेलेका दिल सुनार प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी बने। उनले १० हजार रुपैयाँ प्राप्त गरे।

# सिन्धुपाल्चोक क्रिकेट संघको तदर्थ समिति गठन




**सिन्धुपाल्चोक/मस-** नेपाली क्रिकेट जगतले एकपछि अर्को सफलता हात पार्दै जाँदा यसको लोकप्रियता पनि बढ्दो छ। पछिल्लो समय क्रिकेटलाई बुझेर माया गर्ने दर्शकको साथ पनि उल्लेख्य वृद्धि भएको छ। यसैबीच क्रिकेट खेलको विकाससँगै सम्भावनायुक्त खेलाडी उत्पादन गर्ने उद्देश्यले पहिलो पटक सिन्धुपाल्चोक क्रिकेट संघको तदर्थ समिति गठन भएको छ। सिन्धुपाल्चोकको मेलम्चीमा शनिबार सम्पन्न भेलाले बिजयकुमार धितालको अध्यक्षतामा ११ सदस्यीय तदर्थ समिति गठन गरेको हो।

तदर्थ समितिको भेलालाई सम्बोधन गर्दे मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङले पछिल्लो समय क्रिकेटले पाइरहेको सफलताले देशले गर्व गर्ने वातावरण बनेको बताए। क्रिकेट खेललाई प्रोत्साहन गर्न आगामी दिनहरुमा उपयुक्त मैदान निर्माण गरेर प्रतियोगिता आयोजना गर्न तथा क्रिकेट खेलको बिकासको लागि सहकार्य गर्ने उनले बताए।

यस्तै क्रिकेट खेललाई सिन्धुपाल्चोकमा स्थापित गर्न शुरुवातदेखि नै सहयोग गर्दै आएका पाँचपोखरी थाङपाल गाउँपालिकाका अध्यक्ष टासी लामाले नव गठित तदर्थ समितिलाई बधाइ दिँदै क्रिकेट खेलको विकाससँगै खेल मैदान निर्माणमा आवश्यक पहल र सहकार्य गर्न तत्पर रहेको जानकारी दिए।

उनले सिन्धुपाल्चोक क्रिकेट संघले जिल्लामा क्रिकेट खेललाई स्थापित गरेर देशले गर्व गर्ने खेलाडीहरु उत्पादन गर्न महत्पूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गरे। साथै क्रिकेट खेलको विकासका लागि निरन्तर सहयोग गर्ने समेत प्रतिबद्धता व्यक्त गरे।

नव गठित तदर्थ समितिका अध्यक्ष धितालले सिन्धुपाल्चोक क्रिकेट संघको तदर्थ समिति गठनपश्चात क्रिकेट खेललाई आधिकारिकरुपमा जिल्लामा स्थापित गर्न गोरेटो बाटो निर्माणको शुरुवात भएको बताए।

नवगठित अन्य पदाधिकारीहरुमा उपाध्यक्ष राजन धिताल, सचिव अजयकुमार धिताल, कोषाध्यक्ष राजु सापकोटा तथा सदस्यहरुमा विजेश श्रेष्ठ, प्रकाश सापकोटा, रुद्रशरण श्रेष्ठ, दिलिप लामा, सागर खड्का, सन्तोष चौलागाई, अनिल कुमार धिताल रहेका छन्। कार्यक्रममा स्थानीय वडाका जनप्रतिनिधि तथा समाजसेवीकोसमेत उपस्थिति रहेको थियो।


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **मोभिरा रिक्रुटमेन्ट कन्शलटेन्सी प्रा.लि.** श्रम इजाजत पत्र न. १४६९/०७४/०७५ को **इटहरी शाखा** मा कार्यरत **सुश्री रोजीना पञ्चकोटी** हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। यदि कुनै आर्थिक कारोबार गर्नु परेमा इटहरीको शाखा कार्यालय बन्द गरिएकोले मेनपावर कार्यालय काठमाडौंबाट गर्न अनुरोध छ। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**Mobhira Recruitment** Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०१/३१**

**डि.एन.एस. सप्लायर्स प्रा.लि.**को मिति २०७९/१०/१८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **डि.एन.एस.कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं.: २६०५१४)** कायम गर्ने गरी मिति २०७९/११/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०२/२४ मा दर्ता भएको **प्रा.लि. नं. १९११६३** को **मित्र मेडिको प्रा.लि.**को मिति २०८०/०१/२९ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४५१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

## प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## यातायात पूर्वाधार निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
पाँचथर, फिदिम
कोशी प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/०१/३१**

यस कार्यालयबाट मिति २०७९/१०/१९ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित (Single Stage Double Envelope) बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार निर्धारित समयभित्र विद्युतीय खरिद प्रणाली (E–Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु खोलि प्राबिधिक प्रस्तावको मूल्याङ्कन गर्दा सफल भएका देहाय बमोजिमका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०८०/०२/०७ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | आयोजनाको नाम | प्राबिधिक प्रस्तावमा सफल भएका बोलपत्रदाता |
|---|---|---|
| IDO-PAN-NCB-ROAD-079/80-36 | Upgrading of Bardanda-Sablakhu-Limbudin-Mehele-Surumkhim-Kanchanjangha Base Camp Road (Chainage: 0+000 to 8+200 Km), Panchthar/Taplejung | • M/S Khanal - Saroj J.V., Ilam-6, Ilam, Nepal |

**कार्यालय प्रमुख**

## माईग्रेशन प्रमाणपत्र हराएको सूचना

मिति २०७९/१२/१५ गते भोजपुर दिङ्लाबाट खाँदबारी आउने क्रममा षडानन्द न. पा. वार्ड नं. ७ भोजपुर ठेगाना भएको गणेश आचार्य नामको टि.यु. रजिष्ट्रेशन नं. **५-२-३७-२९९-२०१६** भएको सक्कल माईग्रेशन प्रमाणपत्र बाटोमा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकैको प्रहरी चौकी वा मोवाइल नं. **९८५२०५१९०६** मा सम्पर्क गरी उपलब्ध गरी दिनु हुन अनुरोध छ।

## मोटरसाइकल हरायो

मिति २०८०/०१/१५ गते अन्दाजी २३:०० बजेको समयमा बुढानिलकण्ठ, न.पा.-१२, स्थित पार्किङबाट बा.प्र. ०२-०२८ प ९९८४ नम्बरको सेतो रंगको **220cc Pulsar** मोटरसाईकल हराएकोले भेट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

**सबारी धनी : साहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**च्यासिस नं.:MD2A13FX0MCB85368**
**इन्जिन नं. : DKXCMB79630**
**सम्पर्क : 9746467665**

## UAE मा रोजगारको अवसर | कम्पनी :SPIDER ACCESS CLADDING WORKS AND BUILDING CLEANING L.L.C.
शहर :DUBAI

**पूर्व स्वीकृत मितिः २०७९/१०/२६** चलानी नं.: ६०१९६३३१ **LT. No.: 280811** पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welding Supervisior | 13 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७१,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2. | Scaffolder - Supervisor | 4 | 0 | | 2000 | ७१,४४० | | | | | | | |
| 3. | Machine Operator Supervisor | 6 | 0 | | 2000 | ७१,४४० | | | | | | | |

**अन्तर्वार्ता यूआईजि प्रा.लि. टोखा काठमाडौंमा २०८० जेठ ७ गते (21 May 2023) मा हुनेछ।**
**अन्तर्वार्ता यनडिति रिर्ष्चज प्रा.लि.काठमाडौंमा २०८० जेठ ७ गते (21 May 2023) मा हुनेछ।**
**अन्तर्वार्ता निखिल ट्रेनिङ सेन्टर काठमाडौंमा २०८० जेठ ७ गते (21 May 2023) मा हुनेछ।**
**अन्तर्वार्ता बाजाजु स्कुल अफ इन्जीनियर टेक्नोलोजी काठमाडौंमा २०८० जेठ ७ गते (21 May 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,०००/- कुवेतको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978,
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
CHITWAN : (9802909595 | 056-595592), BUTWAL : (9857077841 | 071-533111)
BIRTAMOD : (9807981913 | 023-532754), POKHARA : (9856036099 | 061-590737)

## मलेसियामा रोजगार | कम्पनी: FASTREK GLOBAL INDUSTRIES SDN BHD
शहर: SELENGOR

**पूर्व स्वीकृत मिति: २०७९/०३/२४** चलानी नं.: ६०१८२९०७ **LT. No.: 267019** पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | स. काममा दक्ष | 1500 | ४४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ७ गते (21 May 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Maven Recruitment Services Pvt. Ltd.**
**साविकको**: Baby Star International Pvt. Ltd.
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613, 4594173, Fax: 4494173
Email: mavenrs2017@gmail.com, Web.: www.babystar.com.np

## PANCHKHAL MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVES
Panchkhal, Kavrepalanchowk
Bagmati Provice, Nepal

## RE INVITATION FOR BIDS
Date of publication : 2080/01/31

Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the Supply and delivery of goods (as mentioned in table below) under National Competitive Bidding procedures.


| S. N. | IFB NO. | Description of work | Estimated Amount (With VAT) NRs. | Bid security amount (NRs.) | Bid document fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | PMUN/NCB/ GOODS/ 02/2079/080 | Supply and Delivery of Power Chaff Cutter and Submersible Pump | 38,78,000.00/- | 90,000.00/- | 3,000.00/- |

| Office code | Name of the bank office account no | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|
| 30-365-15 | Nepal Bank ltd., Panchkhal Branch 12403000001001000001 (ग१.१ पाँचखाल न. पा., आन्तरिक राजश्व खाता) (for bid fee) 12403000003000000001 (for bid security) धरौटी खाता | on or before 12:00 Noon on 2080/02/16 | 2080/02/16 at 1:00 PM, at the office of Panchkhal Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com **011499453 or may visit PPMO website www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

# ‘बीमा कम्पनीहरुको क्षमता वृद्धि भएको छ, यो सुखद विषय हो’



बीमा समिति हुँदै नेपाल बीमा प्राधिकरण बनेको संस्थाले आफ्नो स्थापनाको ५४औं वर्ष पूरा गरेर ५५ वर्षमा प्रवेश गर्दैछ । **सुर्यप्रसाद सिलवाल** प्राधिकरणको नेतृत्वमा आएपछि बीमा व्यवसायलाई विस्तार गर्न र बीमा कम्पनीहरुलाई क्षमतावान बनाउन निरन्तर रुपमा लागिरहेका छन् । पछिल्लो समयमा उनले ठूलो संख्यामा बीमा कम्पनीहरुलाई मर्ज गराउने र कम्पनीहरुको बिगतको पुँजीलाई दोब्बर बनाउने अभियानमा झण्डै पूर्ण सफलता प्राप्त गरिसकेका छन् । त्यस्तै आम किसान र गरिवहरुसम्म बीमाको पहुँच स्थापित गर्ने उद्देश्यले अगाडि बढाइएको लघु बीमा कम्पनीको अवधारणा पनि अहिले कार्यान्वयनमा आइसकेको छ । प्रस्तुत छ, उनै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सिलवालसँग समसामयिक विषयमा मध्यान्हका लागि **नारायण अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :

**तपाईंले शुरु गर्नुभएको बीमा कम्पनीहरुको मर्जर प्रक्रियामा सबै कम्पनीहरु त सहभागी भएनन्, फेरि पनि मर्जरको अभियान जारी रहेको जस्तो पनि देखिएको छ । मर्जर अभियानमा तपाईंको सफलता कति हो ?**

२१ वटा कम्पनीहरुले मर्जरमा चासो देखाएका थिए । असार मसान्तसम्म २१ वटा कम्पनीको मर्जर हुन्छ । अहिलेसम्म हामीले १७ वटा कम्पनीको मर्जर गरिसकेका छौं भने अब चारवटा कम्पनीको मर्जर मात्रै बाँकी रहेको छ । जसमध्ये अजोड र युनाइटेडको मर्जर जेठ १५ गतेभित्र हुन्छ र महालक्ष्मी र प्रभुको मर्जर असार पहिलो हप्ताभित्र हुन्छ । असार मसान्तभित्र हामीले गरिसक्छौं ।

प्रभु इन्स्योरेन्स र नेपाल इन्स्योरेन्सले पुंजी वृद्धिको लागि असार मसान्तसम्मको समय मागेका छन् । पुंजी वृद्धिको लागि असार मसान्तसम्म म्याद थप भएको अवस्था पनि छ । सो समयसम्म हुन्छ होला ।

**पुँजी वृद्धि र मर्जरको सन्दर्भमा तपाईंले सफलता प्राप्त गरिरहँदा अब नेपालका बीमा कम्पनीहरु जोखिम बहन र संस्थागत सुरक्षाको हिसाबले कुन स्तरमा आए भनेर बुझ्न सकिन्छ ?**

पहिला दुई अर्ब पुँजी भएका जीवन बीमा कम्पनीहरु थिए, ती पाँच अर्बमा गए । एक अर्ब पुँजी भएका निर्जीवन बीमा कम्पनीहरु साढे दुई अर्बमा गए भनेपछि पक्कैपनि कम्पनीहरुको क्षमतामा वृद्धि भयो । सुपरिवेक्षण गर्ने क्षमता पनि बढ्यो । अब कम्पनीहरुले आफ्नो बजार विस्तार गर्नको लागि प्रविधिमा लगानी गर्नसक्ने र खोज अनुसन्धानमा लगानी गर्नसक्ने भए ।

हामीले मर्जर र पुँजी वृद्धिको जुन नीति ल्यायौं जसले कम्पनीलाई भोलिका दिनमा अझ सशक्त बनाउँछ । अझ बढी बजारलाई क्याप्चर गर्नसक्ने क्षमता उसलाई प्रदान गर्छ । यो भनेको नेपालको बीमा क्षेत्रको लागि अत्यन्तै सुखद विषय हुँदै आएको छ ।

**तपाईं बीमाको व्यवसाय गर्ने कम्पनीहरुको पुँजी वृद्धि र मर्जर प्रक्रियामा त सफल हुनुभयो, तर यिनीहरुको व्यवसायसँग प्रत्यक्षरुपमा जोडिने पुनर्वीमा कम्पनीहरु भने अहिलेकै अवस्थामा व्यवसाय धान्न सक्ने छन् वा यिनीहरुको क्षमता पनि वृद्धि गर्नुपर्ने अवस्था छ ?**

बीमा कम्पनीहरुको क्षमता वृद्धिसँगै पुनर्बीमा कम्पनीहरुको पनि अटोमेटिकल्ली रुपमा क्षमता वृद्धि गर्नुपर्ने हुन्छ । किनकी पाँच अर्ब पुँजी भएको बीमा कम्पनीहरु भए भने १० अर्ब भएको पुनर्बिमा कम्पनी त हुनै सक्दैन । त्यो बढ्नैपर्छ ।

त्यसको लागि हिमालयन पुनर्बिमा कम्पनी जो छ, उसले आइपिओ जारी गर्नुपर्‍यो । उसले आफ्नो पुँजी १० अर्ब प्लस गराउनु पर्‍यो । हामीले यी कम्पनीहरुको पुँजी वृद्धि गरेर क्षमता वृद्धि गर्नुपर्ने हुन्छ । जीवन बीमा कम्पनी वा निर्जीवन बीमा कम्पनीहरुले जुन अनुपातमा पुँजी वृद्धि गरे सोही अनुपातमा पुनर्बीमा कम्पनीहरुमा पनि हामी पुँजी बढाउँछौं । त्यसको लागि त्यसको लागि मलाई अझै ६/८ महिना समय चाहिन्छ । पुँजी बढाएर नेपालभित्र हुने जोखिमहरुको बढी भन्दा बढी बहन गर्ने क्षमता नेपाली कम्पनीहरुमा नै हुन सक्यो भने भोलिक दिनमा संसारका पूनर्वीमा कम्पनीहरुले हामीले भनेको दरमा उनीहरुले पनि पुनर्बिमा गरिदिन्छन भन्ने विचारका साथ हामी अगाडि बढेका छौं । तर, यसको लागि अझै केही समय भने लाग्छ ।

**सकारात्मक हिसाबले सोचेर भन्दा के नेपालमा पुँजी वृद्धिकै कोणबाट पनि अरु पुनर्बिमा कम्पनीहरु थपिने सम्भावना छ भन्न सकिन्छ ?**

त्यस्तो कदापी हुँदैन । कुनैपनि कम्पनी थपिँदैन अब । कुनैपनि कम्पनीको लाइसेन्स मेरो पालामा जाँदैन । कम्पनीलाई बलियो बनाएनौं भने उनीहरुले बजारमा विश्वास कायम राख्न सक्दैनन् । बीमा भनेको विश्वासको बजार हो । विश्वासको बजारलाई विश्वासिलो बनाउनको लागि र कम्पनीसँग सक्षमता हुनको लागि उसँग पुँजी चाहिन्छ । पुँजी भएपछि यी कम्पनीहरुले हिजोको भन्दा फरक ढंगले काम गर्न सक्छन्, फरक ढंगको यिनीहरुको क्षमता हुन्छ । विश्वास, विकास, अनुसन्धानमा रकम खर्च गर्न सक्छन् । सो सँगै ग्राहकहरुलाई पनि बढी भन्दा बढी सुविधा दिनसक्ने अवस्था पनि बन्दै जान्छ ।

असार मसान्तसम्म त पुँजी वृद्धि हुने समय छ । त्यसपछि हामीले क्रमश: हामीले त्यस्तै प्रकारका नीतिहरु ल्याउँछौं । जसले उनीहरुलाई पनि बलियो बनाउँछ र जसले बीमा गर्छ उनीहरुलाई पनि बढी भन्दा बढी फाइदा दिँदै जान्छ ।

**तपाईं आफैंले पनि सिंहदरबार समेत बीमाको दायरामा नआएको प्रसंग उठाउनुभएको छ, किन अझैपनि निर्जीवन क्षेत्र र कृषि क्षेत्रमा बीमाको प्रभावकारी उपस्थिति हुन सकेन ?**

बीमा कम्पनीहरु सहर बजारमा केन्द्रित भए भनेर अहिले हामीले सातवटा लघुबीमा कम्पनीहरु सातवटा प्रदेशमा राख्ने निर्णय गर्‍यौं । ती कम्पनीहरु मध्ये केही कम्पनीहरुले स्थापना भएर काम नै शुरु गरिसके भने केही कम्पनीहरु आउने क्रममा छन् । यी लघुबीमा कम्पनीहरुले कृषि, पशु र लघुबीमाहरुलाई फोकस गरेर काम गर्नेछन् । सोहीअनुसार यिनीहरु अगाडि बढ्नेछन्, मैले अगाडि पनि भने केही समय हामीले प्रतिक्षा गर्नुपर्ने हुन्छ । किनकी आज वा भोलिमा भैहाल्ने विषय पनि होइन ।

**बीमामा भन्दा लामो बचत गर्ने प्रवृत्ति बैंकतर्फ आकर्षित भएको र पछिल्लो समयमा बीमा पोलिसीहरु सरेन्डरको मात्रा पनि बढ्दो देखिन्छ । के बीमा पोलिसीहरु समसामयिक नभएका हुन् ?**

गत वर्षको बीमाको सरेन्डरको दर हेर्दा १२ प्रतिशतको हाराहारीमा देखिन्छ । पहिलाको पोलिसीमा दुई वर्षको प्रिमियम तिरेपछि उसले सरेन्डर गर्न पाउँथ्यो, अहिले हामीले यसलाई तीनवर्षको बनायौं । अब यसलाई हामीले क्रमश: बढाउँदै लैजानुपर्छ । कतिपयलाई पैसाको एकदमै अभाव भयो र सरेन्डर गर्नुपर्ने भयो भने त्यस्तालाई छुट्याइदिनुपर्छ तर, अनावश्यक सरेन्डर भने गर्न दिनुहुँदैन ।

सरेन्डर किन पनि हुन्थ्यो भने कुनै अभिकर्ताले ५/१० कम्पनीको अभिकर्ता भएर काम गर्दाखेरि उसले बार्गेनिङ गर्ने र यहाँ सरेन्डर गराउने र अर्को ठाउँमा लैजाने, अहिले हामीले त्यो बाटोलाई नै बन्द गरिदिएका छौं । अब अभिकर्ताले एउटा कम्पनीमा मात्रै काम गर्न पाउँछ । त्यसैले भोलिका दिनमा सरेन्डर पक्कैपनि घट्दै जान्छ । अब कम्पनीलाई टाट पल्टाउनेगरी व्यक्तिगत फाइदा लिनेगरी हुने सरेन्डर रोक्नको लागि हामीले एउटा पोलिसी ल्याउनुपर्छ, जसमा हामीले काम गरिरहेका छौं ।

**अन्त्यमा, प्राधिकरणले लघु बीमाको लाइसेन्स दिएर कम्पनीहरुलाई प्रदेशस्तरमा पठाइसकेको छ, तर आम कृषकहरुलाई बीमामा प्रभावकारीरुपमा जोड्नको लागि के गर्दैहुनुहुन्छ ?**

सरकारले कृषि बीमाको लागि ८० प्रतिशत अनुदान दिएको भन्ने विषय नै पुगेनकी भनेजस्तो देखिन्छ । त्यसैले अहिले हामीले सकेसम्म मुलुकका सबै स्थानीय तहमा पुगेर अन्तरक्रिया गरेर सरकारले कृषि बीमामा यस्तो सुविधा दिएको छ । कृषि बीमामा आबद्ध भएर आफ्नो कृषि बालीमा हुनसक्ने क्षतिको न्यूनिकरण गरौं भन्ने पाटो नै हामीले शुरु गरिसकेका छौं । यही वर्ष पनि हामी एकसय भन्दा बढी पालिकामा हामी पुगिसकेका छौं ।

त्यस्तै, हामीले जुन लघुबीमाको धारणा ल्याएर कार्यान्वयन गरेका छौं, उनीहरुलाई दिएको म्यान्डेट नै के हो भने साना-साना कृषि, पशु र गरिबहरुको बीमा गर्ने भएकाले मैले पहिला पनि भनिसकेजस्तै केहीसमय पर्खिनुपर्छ, तीनलाई हामीले अब फ्लोअप गर्न शुरु गर्छौं । अहिले हामीले युएनडिपीसँग मिलेर लघुबीमा र कृषि क्षेत्रको लागि कस्तो पोलिसी बनाउनुपर्छ भनेर पनि काम गरिरहेका छौं । हामीले सोँचेजस्तो नतिजा आउँछ भन्ने नै लागेको छ मलाई ।

## विविध

## नेपाल लाइफ इन्स्योरेन्सको नाफा ३२९.५२ प्रतिशतले वृद्धि

**काठमाडौं/मस** - नेपालकै सर्वाधिक विश्वासिलो जीवन बिमा कम्पनी नेपाल लाइफले चालु आ.व को तेस्रो त्रैमाससम्ममा उल्लेखनीय प्रगति गरेको छ । कम्पनीले सार्वजनिक गरेको चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण अनुसार कम्पनीको खुद नाफामा तीन सय २९ दशमलव ५२ प्रतिशतको वृद्धि भएको छ ।

यस त्रैमासिक अन्त्य सम्ममा कम्पनीको जगेडा तथा कोषमा करिब ४८ करोड रुपैयाँ रहेको छ जुन अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिक अन्त्य सम्मको आधारमा नौ दशमलव ४० प्रतिशतले बढी हो । गत आर्थिक वर्षको सोही अवधिमा करिब एक खर्ब ३१ अर्ब १६ करोड रुपैयाँ रहेको जीवन बिमा कोष १९ दशमलव ८३ प्रतिशतले बढी करिब एक खर्ब ५७ अर्ब १६ करोड रुपैयाँ पुगेको छ । महाविपत्ति कोषमा ८३ करोड रुपैयाँ रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा तुलनामा १५ दशमलव ४९ प्रतिशतले बढी हो ।

कम्पनीको लगानी २० दशमलव शून्य सात प्रतिशतले बढेको छ । चैत मसान्तसम्म कम्पनीले एक खर्ब ६२ अर्ब २८ करोड रुपैयाँ लगानी गरेको छ । विवरण अनुसार कम्पनीको भुक्तानी हुन बाँकी दाबी उलेख्य रूपमा घटेको छ । गत आर्थिक वर्षको सोही अवधिमा करिब एक अर्ब २८ करोड रुपैयाँ भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था गरिएकोमा चालु आर्थिक वर्षको तेस्रो त्रैमासमा ३४ दशमलव १९ प्रतिशतले घटी ८४ करोड रुपैयाँ रहेको छ ।

यसै गरी चैत मसान्त सम्ममा २६ अर्ब ८३ करोड ७४ हजार रुपैयाँ खुद बीमाशुल्क आर्जन गरेको छ भने ११ अर्ब ८२ करोड रुपैयाँ खुद दाबी भुक्तानी गरेको छ । समीक्षा अवधिमा कम्पनीको खुद दाबी भुक्तानी ११ दशमलव ४४ प्रतिशतले बढेको छ । यस त्रैमासमा आफ्नो दाबी भुक्तानी प्रक्रियालाई चुस्त दुरुस्त छिटो छरितो बनाइनु नै यस उपलब्धिको कारण हो भन्ने कुरा कम्पनीले जनाएको छ ।

चुक्ता पुँजी आठ अर्ब २० करोड रुपैयाँ रहेको कम्पनीको समीक्षा अवधिमा कम्पनीको प्रतिसेयर आम्दानी सात रुपैयाँ २५ रुपैयाँ रहेको छ । यस्तै कम्पनीको प्रतिसेयर नेटवर्थ एक सय १६ रुपैयाँ एक पैसा मूल्य अनुपात आम्दानी ९३ दशमलव १९ गुणा, प्रति शेयर कुल सम्पत्तिको मूल्य दुई हजार ९० रुपैयाँ र औसत प्रतिफल दर १० दशमलव ८४ प्रतिशत रहेको छ ।

समग्रमा देशमा उत्पन्न भएको आर्थिक संकटले बिमा क्षेत्रमा परेको प्रभावको बिच पनि नेपाल लाइफले उत्कृष्ट नतिजा ल्याउन सफल हुनुलाई कम्पनीको सबल पक्षको रूपमा लिन सकिन्छ । आगामी दिनमा कम्पनीलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न विभिन्न संरचनात्मक, प्रक्रियागत सुधारहरू अवलम्बन गर्दै नेपालीहरूको घर दैलोमा गुणस्तरीय बिमा सेवा प्रवाह गर्न कम्पनी तत्पर रहेको र त्यसलाई मूर्तरूप प्रदान गर्न कम्पनी अहोरात्र लागिरहेको कुरा नेपाल लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले बताएका छन् ।

## एनसेलका नयाँ सिईओ जाब्बोर कायुमोभले सम्हाले कार्यभार



**काठमाडौं/मस** - एनसेल आजियाटा लिमिटेडको नयाँ प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सञ्चालक पदमा जाब्बोर कायुमोभ नियुक्त भएका छन् । एनसेलको सञ्चालक समितिको मंगलबार बसेको बैठकले जाब्बोरलाई प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सञ्चालक पदमा नियुक्त गरेको हो ।

उनले गत बुधबारबाट आफ्नो कार्यभार सम्हालेका छन् । यससँगै एनसेलका पूर्वप्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सञ्चालक एन्डी चोङ्ले आजियाटा ग्रुपको प्रधान कार्यालयमा १ जुन २०२३ देखि ‘आजियाटा ग्रुप चिफ कर्पोरेट अफिसर’का रुपमा कार्यभार सम्हाल्नेछन् । जाब्बोर यसअघि टेलिया ९पहिले टेलियासोनेरा० र भिम्पेलकम (अहिले भीओन) जस्ता शीर्ष दूरसञ्चार संस्थाअन्तर्गत थुप्रै कम्पनीको प्रमुख कार्यकारी अधिकृत भएर काम गरिसकेका छन् ।

उनीसँग करिब २० वर्ष दूरसञ्चार उद्योगको उच्च व्यवस्थापनमा रही काम गरेको अनुभव छ । दूरसञ्चार क्षेत्रका धेरै कम्पनीमा आफ्नो उत्कृष्ट ट्र्याक रेकर्ड राख्न सफल जाब्बोर कुशल व्यावसायिक नेतृत्वका रूपमा चिनिन्छन् । एनसेलमा आवद्ध हुनु अघि, उनले डिजिसेल ट्रिनिडाड एन्ड टोबागोको प्रमुख कार्यकारी अधिकृतको रूपमा काम गरेका थिए र डिजिसेल जमैकामा अप्रिल २०२३ सम्म प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत थिए । क्यारेबियन देशहरूमा कार्यरत रहँदा उनले डिजिटल सेवाप्रदायक बन्नका लागि व्यावसाय सञ्चालन परिर्वतनको नेतृत्व गरेका थिए । ‘एनसेल टिममा सामेल हुन पाएकोमा म हर्षित छु, प्रभावशाली फुटप्रिन्ट र बलियो ब्रान्ड पोर्टफोलियो भएको एनसेलको प्रतिभावान टिमसँग काम गर्न उत्सुक छु, टिमसँग काम गर्दै व्यावसायिक कार्यसम्पादनमा वृद्धि गर्नु र आजियाटा ग्रुपको बृहत्तर भिजन एड्भान्सिङ एसियामा आधारित हुँदै नेपालको डिजिटल विकास र नेपालीको जीवनस्तर सुधारमा योगदान पुयाउन ध्यान केन्द्रित गर्नेछु’, जाब्बोरले भने, ‘१ करोड ६० लाखभन्दा बढी ग्राहक र नेपालीको सेवा गर्न पाउँदा म गौरवान्वित छु ।’

दूरसञ्चार उद्योगको व्यापक ज्ञानका साथ जाब्बोरले प्रमुख कार्यकारीको रूपमा रही सफल ट्र्याक रेकर्ड कायम गरेका छन् । पिपल लिडरसिप, बिजनेस इम्प्रुभमेन्ट, डिजिटल स्ट्राटेजी, अर्गनाइजेसनल डिजाइन र प्रोसेसेस् लगायत क्षेत्रमा गरेका उदाहरणीय कामका लागि उनी चिनिन्छन् । उनले ताजिकिस्थानको खुजन्ड स्टेट युनिभर्सिटीबाट अर्थशास्त्रमा स्नातकोत्तर गरेका छन् ।

नयाँ प्रविधि र ग्राहककेन्द्रित नवीन सेवा-सुविधामा जाब्बोरको चासो छ । डिजिटल इनोभेसन, उच्च ग्राहक सन्तुष्टि र व्यावसायिक सफलता हासिल गर्नका लागि सहयोगी वातावरण अत्यावश्यक रहने उनको विश्वास छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**